# नेपाली

(त्रैमासिक)

**२०६५ वैशाख, जेठ र असार पूर्णाङ्क १९५**

## *गुठीको समाचार*

सन् २००८–२००९ का लागि गुठीको सिटमा भारत कोलकातामा एम.बी.बी.एस् पढ्न जाने विद्यार्थीहरूको चयन निम्नानुसार भएको छ –

**मेडिकल कलेजमा–**
*नारायण अधिकारी, काभ्रे*

**आर.जी.कार मेडिकल कलेजमा–**
*घनश्याम तिमल्सिना, कास्की*

**– कार्यालय–सचिव**
**म. पु. गुठी**

*मदन पुरस्कार पुस्तकालयको पाना*

## मदन स्मारक विद्यालय

यो साहित्यिक हिसाबले महत्त्वपूर्ण विषय होइन, न त भाषाकै नाताले यस पानामा झुल्कनुपर्ने कुरो हो । तर मदन पुरस्कार पुस्तकालयमा कस्ताकस्ता कुरासम्म सङ्कलित र संरक्षित भएका छन् भन्ने बुझ्न यो प्रविष्टिले सहयोग गर्ला भनेर यहाँ छिराइएको छ ।

यसभन्दा अघि पनि केही हिसाब-कितापका ढड्डाहरूको यस पानामा चर्चा भएको हो। राष्ट्रिय इतिहासमा खास महत्त्व नभए पनि सामाजिक इतिहास खोतल्नेलाई त्यस्ता कुराले केही न केही मद्दत पुऱ्याउँछन् नै भनेर तिनलाई त्यसरी ल्याइएको थियो। यो पनि त्यस्तै हो ।

चन्द्रशमशेरकी कान्छी महारानी, बालकुमारीदेवीको घर-दरबार हो ललितपुर पुलचोकको 'श्रीदरबार' । त्यो घर पछि मदनशमशेरको भयो र अन्त्यमा रानी जगदम्बाको भएर त्यसको अन्त्य भयो। त्यस श्रीदरबारमा ढुकुटीहरू पनि थिए, तहबिल पनि थियो, घरकाज अड्डाहरू पनि। ती सबैका विधिवत् लगत, आम्दानी खर्च विवरण या टिपोट या ढड्डाहरू राखिन्थे। त्यस्ता लगत, रोकड या टिपोटहरू केही हाल मदन पुरस्कार पुस्तकालयमा आइपुगेर बसेका छन् । उदाहरणार्थ तिनमा कुनै 'श्री ३ महाराजको जिन्सी भण्डार'का छन्, कुनै 'श्री ३ बडामहारानीका मूल ढुकुटी'का । मदनशमशेरका या उनकी दिदी बाबु-महारानीका 'ढुकुटी'का किताप पनि छन्। तिनका चर्चा परेमा पछि गरिएला ऐलेचाहिँ तीभन्दा पनि फरक, निकै पछिको एउटा 'रोकड' को कुरा गरौँ । यहाँ संवत् २०११ र १२ सालका जम्मा दुइटा किताप छन् फूल्स्केप साइजका जिल्लाबन्दी कापी । ती दुई रहेछन्– "मदन मेमोरियल गर्ल्स हाई स्कूलको बिल्डिङ" को खर्चपर्चका लगत। २०११ साल जेठ २० गते देखि १२ साल पुस १८ गतेसम्मको हिसाब छ त्यसमा आम्दानी र खर्च भएको । खर्चमा २० पैसा सम्मको पनि छ, आम्दानीमा एकपटकमा बढीमा ४० हजार रुपियाँसम्मको भएको देख्न पाइन्छ ।

*(बाँकी पृ. ५० मा)*

# लेखक को हुन् ?

– *क.दी.*

"जङ्गबहादुरको बेलाइतयात्रा" का लेखक को हुन् भनेर हामी धेरै घोत्लियौँ । त्यस किताबका चार संस्करणमा अनेकप्रकारका अडकल पनि गरियो। त्यसपछि २०६२ सालमा 'उन्नयन'मा प्रकाशित चित्तरञ्जन नेपालीको लेख पढेपछि "जङ्गबहादुरको बेलाइतयात्रा" का लेखक सुब्बा सिद्धिमान राजभण्डारीलाई नै ठहराउनुपर्ला भन्ने निधोमा म पुगेँ । त्यसैमा लागेका बेला कताबाट हो मेरो हातमा चार पत्र फोटोकपी गरेको लेखोट आइपुग्यो । त्यसमा 'बेलाइतयात्रा' भन्ने शीर्षक दिएर लेखिएको पहिलो पृष्ठ र आखिरीका पृष्ठ ३१ र ३२ अनि मुखपृष्ठ थिए। र त्यही मुखपृष्ठको लेखोटले मेरो मन धरमर भयो र सिद्धिमानलाई नै 'लेखक' लेखिहाल्न म फेरि हच्कचाएँ। त्यो मुखपृष्ठमा लेखिएको थियो– "श्री ३ महाराज. जङ्गबहादुर कुवर राणाका वेलायत् साथ जाने. षरिदार. हरीज्युले. लेषेको डायेरी."

हरिज्यूले नै लेखेको भनेर किटानसाथ लेखेको देखेपछि र त्यो हरि भन्ने मान्छेको ओहदा पनि खरिदार भनी देखेपछि उनका बारेमा खोजीपसी नगरी सिद्धिमानलाई लेखक भनिहाल्न मेरो मनले मानेन। तर खरिदार हरिको हुलिया फेला पार्न सकिएन। पहिलो कुरा त जङ्गबहादुरका साथ बेलाइत जाने 'जम्मा २५ जना' भनेर किटिए तापनि जङ्गबहादुरबाहेक अरू १२ जनाको मात्र नाम त्यो भ्रमणवृत्तान्तमा छ। तिनै सबै नाम यस 'डायेरी'मा पनि हरि भन्ने खरिदारको नाम छैन । खरिदारमा एकजना पृथ्वीधरपाध्या मात्र देखिन्छन् । त्यसले अन्योल पाऱ्यो मलाई। त्यो अलमललाई एकप्रकारले पन्छाइयो। यसो भनेर : डायरी राख्ने मान्छेले आफ्नो नाम दिइरहनु जरुरी देखेन र लेखेन। यसै पनि सबै २५ जनाको नाम त छैन नि त्यहाँ।

फेरि यो मैले ऐले प्राप्त गरेको 'डायरी'को चार पाना पनि हरि खरिदारको आफ्नै हस्ताक्षरमा त छैन। यो पनि प्रतिलिपि मात्रै हो, कसैले साररिराखेको। आफैले लेख्ता त कसैले पनि आफ्नो नाममा 'ज्यू' जोड्दैन, ओहदा जोडे पनि ! त्यसले गर्दा मेरो अन्यौल अरू बढ्यो। यो खरिदार हरि भन्ने मान्छे जङ्गबहादुरको 'अन्टुराज' भ्रमण

दलमा त अवश्यै थिए। नभए 'महाराजको साथ बेलायत जाने' भनेर लेख्ने कसैको हिम्मत हुँदैनथ्यो त्यस कालमा। बेलायत गएका हरि खरिदारका वंशज अहिले पनि कतिका होलान्। तिनीहरूले भए पनि आफ्ना पुर्खाका कीर्ति गाउनुपर्ने हो। तर कतै केही देखिएको छैन। यी खरिदार हरिको जातथर हामीलाई केही प्राप्त हुँदैन। तर यो मान्छे एकप्रकारको साहित्यिक पनि रहेछ भन्ने ऐले आएर ज्ञात हुन्छ, किनभने यस लेखोट (फोटोकपी) को अन्तिम अर्थात् बत्तीसौँ पृष्ठमा खरिदार हरिले एउटा कविता श्लोक पनि लेखेका छन् जङ्गबहादुरको प्रशंसा गाएर। त्यो कविता यो श्लोक ऐलेसम्म फेला परेका चारैओटा 'मूल' मा थिएन। यसमा मात्र छ। यसमा मात्र भएको अर्को एउटा कुरा पनि महत्त्वपूर्ण छ। ऐलेसम्म मैले अन्दाजकै भरमा पो यात्रावर्णनको किताप १९१० सालतिर लेखिएको अनुमान गर्दै आएको थिएँ। अब त्यो अनुमान लगाउनै नपर्ने भएको छ। यहाँ स्पष्ट लेखिएको छ "संवत् १९०७ साल कार्तिक ३. शुभम्"। अरू अर्को कुरा यो भ्रमणवृत्तान्त कसरी लेखियो भन्नेमा पनि हामीलाई भ्रम थियो। त्यो भ्रम पनि ऐले निराकरण भएको छ। यसलाई स्पष्टै "डायेरी" भनेर लेखेको देखेपछि।

तर यसरी दुइटा कुरा 'स्पष्ट' भैदिँदा हामीलाई अर्कोतिरबाट अन्यौल पर्छ फेरि। किनभने चित्तरञ्जन नेपालीका अकाट्य प्रमाणहरूले 'जङ्गबहादुरको बेलाइतयात्रा' का लेखक हुन् भनी मैले इदमित्थ गरिसकेको निर्णयलाई फेरि भत्काइदिन्छ। अब पुनः यसका लेखक सुब्बा सिद्धिमान सिंह राजभण्डारी, सुब्बा शिवनरसिंह या 'खरिदार हरिज्यू' को हुन् भनेर खोजिपस्नुपर्ने भएको छ। इतिहासशिरोमणि बाबुराम आचार्यले भने पनि सुब्बा शिवनरसिंह यसका लेखक हुन सक्दैनन् भनेर चित्तरञ्जनजीले त्यति जोडदार खण्डन गरिसकेका उनलाई फेरि भित्र्याउन किन पऱ्यो भने शिवनरसिंहका पक्षमा केही तथ्यका साथ प्रमाण जुटाउँदै आएका छन् उनकै एक जना सन्तति। उनका भनाइ अझै लिखत या मुद्रणमा आइनसकेकाले तत्काल केही भन्न सकिएन। तर शिवनरसिंहको 'क्लेम' लाई त्यसले ऐले नै नकारिहाल्न मिलेन।

त्यसै हुँदा जङ्गबहादुरको यो यात्रासम्बन्धी लेखकको टुङ्गो ऐले नै लगाइहाल्न सकिएन र ऐलेसम्म नयाँ पाएका प्रमाणहरू पुनः उसै

पुस्तकको परिशिष्टमा थपिदिई यो प्रकरण अझै अगाडि बढाउनु उपयुक्त होला । पढ्नेहरूलाई पनि केही तर्क गर्ने ठाउँ दिन चित्तरञ्जनजीको मिति २०६३ वैशाख १ गतेको चिठी (सच्याउने भनिएका कुरा लेखमै सच्याइएकाले यहाँ हालिएन), 'उन्नयन'मा छापिएको उक्त लेख र 'खरिदार हरिज्यूको डायरी' का पनि प्राप्त भएको लेखोटको प्रतिच्छवि यसमा समावेश गरिएको छ ।

१. **चित्तरञ्जनजीको पत्र**

श्री कमलमणि दीक्षित,
श्रीदरबारटोल,
ललितपुर ।

आदरणीय मित्र,

सर्वप्रथम, नयाँवर्ष संवत् २०६३ सालको मङ्गलमय हार्दिक शुभकामना तपाईं तथा तपाईंका सम्पूर्ण परिवारलाई ।

त्यसपछि, 'जङ्गबहादुरको बेलाइतयात्रा' को नयाँ संस्करण चाँडै प्रकाशित हुनलागेको छ भन्ने कुराको प्रसङ्गमा त्रैमासिक साहित्यिक पत्रिका 'उन्नयन' को संवत् २०६१ माघ, फागुन र चैत अङ्क ५४ मा प्रकाशित उक्त यात्रासम्बन्धी मेरो लेख– 'अनुमानः प्रमाण' (सन्दर्भः 'जङ्गबबहादुरको बेलाइतयात्रा' का अघोषित लेखक)' लाई पनि माथि उल्लिखित नया संस्करणमा परिशिष्टको रूपमा समावेश गर्ने सोच रहेको छ भनी तपाईंले केही दिन अगाडि टेलिफोनमा भन्नुभएको कुराको स्मरण गर्दै मेरो उक्त लेखप्रति तपाईंले गर्न खोज्नुभएको 'कदर' को निम्ति हार्दिक आभार व्यक्त गर्दै 'उन्नयन' मा उक्त लेख छापिँदा हुनगएको मुद्रणसम्बन्धी केही अशुद्धिलाई सच्याइएको विवरण यसैसाथ संलग्न गरी पठाएको छ । आशा छ, परिशिष्टको रूपमा पुनः मुद्रण हुँदा सच्याउन लगाउनुहुनेछ ।

अन्तमा, उक्त 'जङ्गबहादुरको बेलायइतयात्रा' का अघोषित लेखकका सम्बन्धमा तपाईंको मुख्य अनुमान भनूँ वा शङ्काको पक्षमा प्रस्तुत भएको मेरो तर्कलाई स्वीकार गरेर अब प्रकाशित हुने

उक्त यात्रावर्णनको नया संस्करणमा 'सुब्बा सिद्धिमान राजभण्डारी कृत' भनी उल्लेख गर्ने तपाईंको निर्णयप्रति सहमति जनाउँदै तपाईंको 'स्वीकारोक्ति' को पनि प्रशंसा गर्न अनुमति चाहन्छु,

धन्यवाद !

संवत् २०६३ वैशाख १<br>मनीशगृह<br>कपनमार्ग, (जयपुरीमार्ग)<br>बाँसवारी, काडमाडौँ

तापईको



(चित्तरञ्जन नेपाली)

## २. चित्तरञ्जनजीको 'उन्नयन'मा छापिएको उक्त लेख

### अनुमान : प्रमाण

(सन्दर्भ : 'जङ्गबहादुरको बेलाइतयात्रा' का अघोषित लेखक)

संवत् २०१४ सालमा 'जङ्गबहादुरको बेलाइतयात्रा'को प्रथम प्रकाशनको प्रसङ्गमा त्यसका सम्पादक एवं प्रसिद्ध साहित्यकार कमल दीक्षितले भूमिकामा लेख्नुभएको थियो– "अफसोसको कुरा छ यस्ता लेखकको नाम हामीलाई थाहा छैन ।"[१] नि:सन्देह त्यति राम्रो यात्रावर्णन लेख्ने लेखकको नाम थाहा नहुनु नेपाली साहित्यप्रति अलिकति पनि अभिरुचि राख्ने जोकोहीलाई पनि अफसोस लाग्ने कुरा हो । तर अफसोस लागेर के लाग्छ ? जब लेखक स्वयम्ले आफ्नो नाम प्रकट गरेका छैनन् भने त्यहाँ अड्कल काट्नु वा अनुमान गर्नुसिवाय अरू गर्ने के सकिन्छ ? यही गर्नुभएको छ कमल दीक्षितले आफ्नो भूमिकामा– यस यात्रावर्णनमा वर्णित विभिन्न विवरण एवम् विवरण प्रस्तुत गर्ने शैली वा ढाँचाका आधारमा यसका अघोषित लेखकलाई घोषित गर्ने जमर्को गर्नुभएको छ अनुमान-प्रमाणको पद्धतिअनुरूप ।

यस सम्बन्धमा कमल दीक्षितज्यूको भनाइ थियो– "यो यात्रावर्णन लेख्ने को हो त्यो लेखिएको छैन। अड्कल मात्र काट्न सकिन्छ। त्यो के भने यो लेख्ने मानिस निश्चय पनि सवारीसाथ बिलायत गएको हो ।"[२] तत्कालनी प्रधानमन्त्री जङ्गबहादुर राणाका साथमा बेलायत

गएकाहरूमध्ये दुई जनामा उहाँले विशेष रूपमा अनुमान लगाउनुभएको छ, यो यात्रावर्णनका लेखक हुनुपर्दछ भनेर । ती हुन्– एक, बेलायत गएकामध्ये अङ्ग्रेजी पढेका लेफ्टेन लालसिंह खत्री र अर्को, जङ्गबहादुरका विशेष विश्वासपात्र भएका सुब्बा सिद्धिमान राजभण्डारी । यी दुई व्यक्तिहरूमा पनि कमल दीक्षितज्यूले यो यात्रा वर्णनका लेखन हुनुमा सुब्बा सिद्धिमानराज भण्डारीमाथि नै बढी अनुमान लागाउनुभएको छ भन्ने स्पष्ट हुन्छ, उहाँले प्रस्तुत गर्नुभएका निम्न दुई कारणहरूबाट– "एक त लेख्नेवर्ने काममा निजामतीतर्फका सिद्धिमानलाई नै लगाउनु बढ्ता सम्भाव्य कुरा हो । दोस्रो, अङ्ग्रेजी पढेकाले भन्दा संस्कृत पढेकाले नै 'कमलपत्र जस्तो आँखा' इत्यादि भनी आइमाईको तारिफ गर्न सक्छन् ।"[३] यसबाहेक उहाँले घण्टा र मिनेटको सट्टा घडी र प्रहरको प्रयोग एवम् भूगोलसम्बन्धी कोस र माइलको अज्ञानता आदि कतिपय प्रमाणहरू पनि प्रस्तुत गर्नुभएको छ– यो यात्रावर्णनका लेखक सिद्धिमान राजभण्डारी नै हुनुपर्छ भन्ने अनुमानको पक्षमा ।[४]

यी त भए कमल दीक्षितज्यूले स्पष्ट रूपमा किटेरै अनुमान गर्नुभएका कुराहरू । यीबाहेक पनि उहाँले साङ्केतिक रूपमा आफ्नो यस अनुमानलाई सही भएको पुष्टि गर्ने प्रयास गर्नुभएको छ भन्न सकिन्छ निम्न प्रकरणबाट । एकातिर उहाँले लेख्नुभएको छ– "यी लेखक वकालती पनि गर्न जान्ने चलाख रहेछन् ।"[५] अर्कातिर सुब्बा सिद्धिमान राजभण्डारीको उल्लेख गर्दा कोष्ठकभित्र 'भक्त भानुभक्त नाटकमा आउने' भनी विशेषण जोड्नुहुन्छ ।[६] अनि नाटचसम्राट् बालकृष्ण समद्वारा लिखित 'भक्त भानुभक्त' नाटकको अङ्क तीन, दृश्य एकमा सुब्बा सिद्धिमान राजभण्डारीलाई तत्कालीन कमान्डर-इन-चिफ कृष्णबहादुर राणासमक्ष 'ज्यान' समेत विभिन्न मुद्दा पेस गर्ने अधिकृतका रूपमा प्रस्तुत गरिएको देखिएबाट[७] उनी ऐन-कानुन जान्ने भई वकालती गर्न सिपालु व्यक्ति ठहरिन गई कमल दीक्षितज्यूको उक्त वाक्यले सिद्धिमानलाई नै लक्ष्य गरेको सङ्केत मिल्दैन र ?

यसप्रकार कमल दीक्षितज्यूको उक्त विभिन्न अनुमान एवम् सङ्केतबाट यो यात्रावर्णनका अघोषित लेखक सिद्धिमान राजभण्डारी नै हुन् भन्ने एकप्रकारले प्रमाणित भइसक्यो भन्न सकिन्थ्यो होला

समस्या समाधान गर्ने ज्यामितीय पद्धतिअनुसार । यसबाहेक यात्रादल बेलायत उत्रन्या घाट [चौथो संस्करणअनुसार सौतान घाट (साउथ हेम्पटन ?)] मा पुगेपछि लन्डनमा डेराको बन्दोबस्त भएको छ-छैन वा भए पनि के-कस्तो छ भनी बुझ्न पठाउने प्रसङ्गमा यात्रावर्णनमा "...श्री प्राइम मिनिस्टर साहेबबाट मेगलोट भन्याका अङ्ग्रेज जर्णेलका छोरा एक थिया लेफ्टेन लालसिं षतृ अङ्ग्रेजी पढ्नाका हुसियार थिया दुई जनालाई ताहादेखि लन्डन सहर ४० कोस भोलि हामी आउँला तिमीहरू अैल्हे रेलगाडीमा चढी जाऊ बाह्र (वाहाँ र) सरकारबाट डेरा पटायाको भया हेरि षवर ल्याउनु नपटायाको भया यक असल घरको ठेगाना गरी आउनु भनी २ जनालाई पठाउनुभयो र गया"[८] भनी उल्लेख भएबाट सो यात्रावर्णन लेख्ने व्यक्ति लालसिंह नभई अर्कै व्यक्ति रहेछ भन्ने स्पष्ट हुँदैन र ? अनि कमल दीक्षितज्यूद्वारा यात्रावर्णनका लेखकका रूपमा अनुमान गरिएका दुई व्यक्तिहरू सिद्धिमान राजभण्डारी र लालसिंह खत्रीमध्ये यसरी लालसिंह पन्छिएपछि स्वत: अर्का व्यक्ति सिद्धिमान राजभण्डारी नै यात्रावर्णनका लेखक हुन् भनी ठहर गरी ज्यामितीय ढङ्गबाट Q.E.D. गरे हुन्थेन र ?

किन्तु कमल दीक्षितज्यूले यसलाई Q.E.D. गर्नुभएन र जङ्गबहादुरको बेलाइतयात्राको प्रथम संस्करणको भूमिकामा यसलाई अनिर्णित नै छोड्नुभयो, अऊ भनूँ 'खुला' छोड्नुभयो । यसै कारण अहिले आएर यस 'यात्रावर्णन' का अनुमानित लेखकहरूको पङ्क्तिमा एउटा अर्को नामले प्रविष्टि पायो– त्यो हो सुब्बा शिवनरसिंह ।[९] जङ्गबहादुरको यात्रादलमा सम्मिलित भई बेलायत जाने व्यक्तिहरूको नामावली प्रस्तुत गर्ने क्रममा 'सुवा सिवनरसिंह' पनि उल्लेख भएबाट उनी पनि जङ्गबहादुरसित बेलायत गएका थिए भन्ने कुरामा शङ्का रहेन । तर यो नामका सम्बन्धमा एउटा रमाइलो कुरा के छ भने यसलाई उल्लेख गर्दा विभिन्न पुस्तकमा विभिन्न किसिमबाट उल्लेख गरिएको पाइन्छ । यो नामलाई प्रस्तुत गर्दा यात्रावर्णनमा 'सुवा शिवनरसिं' लेखिएको छ भने पद्मजङ्ग राणाद्वारा लिखित जङ्गबहादुर को जीवनीमा 'सुवा सुम् (Sum) नरसिंह' लेखिएको छ । यसरी नै यसलाई जगन्मोहन बर्माद्वारा लिखित राणा जङ्गबहादुर नामक पुस्तकमा 'सुवा शङ्कर सिंह' लेखिएको छ । भने पुरुषोत्तमशमशेरद्वारा

लिखित श्री ३ हरूको तथ्यवृत्तान्तमा 'सुवा साम नरसिंह' लेखिएको छ।[१०] यसरी विभिन्न पुस्तकमा विभिन्न नाम देखिए पनि 'बेलायतयात्रा' मा दिइएको 'सुवा शिवनरसिं' लाई नै सही नाम भनी मान्नु उपयुक्त हुन्छ ।

कमल दीक्षितज्यूको भनाइमा प्रस्तुत यात्रावर्णनका अनुमानित लेखकहरूको पङ्क्तिमा यो 'शिवनरसिंह' नाम इतिहासशिरोमणि बाबुराम आचार्यको भनाइबमोजिम प्रविष्ट भएको हो । उहाँले यतिसम्म भन्नुभएको छ– "शिरोमणिज्यू त त्यो यात्रा लेख्ने यिनै हुन् भन्ने विश्वास गर्नुहुन्छ । किनभने उहाँको भनाइअनुसार सुब्बा सिद्धिमान त्यतिसम्मका विद्वान् र लेखक थिएनन् ।"[११] यद्यपि यहाँनेर शिवनरसिंह कतिसम्मका विद्वान् एवम् लेखक थिए भन्ने कुनै उल्लेख गरिएन ।

त्यसो त इतिहासशिरोमणि बाबुराम आचार्यको शिक्षित एवम् अशिक्षितसम्बन्धी अभिव्यक्ति नै अनौठो वा बुझ्न नसकिने खालको छ। काठमाडौँ उपत्यकाका तत्कालीन मल्लराजाहरूलाई उहाँ अशिक्षित ठान्नुहुन्छ,[१२] जबकि यहाँका मल्लराजाहरूमध्ये अधिकांशले गीत एवं नाटक आदि थुप्रै कृतिहरूको रचना गरेका थिए ।[१३] युद्धमा हारजित भनेको बेग्लै कुरा हो । हार्दैमा अशिक्षित र जित्दैमा शिक्षित भन्ने परिभाषा निश्चय पनि अनौठोलाग्दो हुन्छ । यसरी नै वर्तमान नेपाल अधिराज्यको निर्माणमा बडामहाराजा श्री ५ पृथ्वीनारायण शाहपछि सबभन्दा बढी योगदान दिने चौतरिया बहादुर शाहलाई उहाँ 'अर्धशिक्षित' मान्नुहुन्छ[१४] भने एकतीस वर्षसम्म नेपालको मुख्तियारी चलाउने भीमसेन थापालाई पनि उहाँको दृष्टिमा 'अशिक्षित' थिए ।[१५] स्मरणीय छ, भीमसेन थापालाई अङ्ग्रेजी इतिहासकार विलियम विल्सन हन्टरले भारतका राज्यहरूलाई बिस्तारै-बिस्तारै आफ्नो जालमा फसाउनका लागि तत्कालीन गभर्नर जनरल वेलेज्जीद्वारा प्रतिपादित 'संरक्षण नीति' को वास्तविक अर्थ बुझ्ने प्रथम नेपाली राजनेता भनी प्रशंसा गरेका थिए ।[१६]

यसर्थ सुब्बा सिद्धिमानसम्बन्धी इतिहासशिरोमणि बाबुराम आचार्यको उपर्युक्त अभिव्यक्तिलाई पनि यही परिप्रेक्ष्यमा हेर्नु उपयुक्त हुनेछ होला । सुब्बाबाट पछि कर्नेल भएका सिद्धिमान राजभण्डारीका सात

भाइहरूमा चार जना कर्नेल तथा तीन जना मेजर कप्तानजस्ता उच्च पद धारण गर्ने व्यक्तिहरू प्रकाण्ड विद्वान् नभए पनि अशिक्षित वा मूर्ख भन्न सायद मिल्दैन होला ।[१७] उक्त परिवारका व्यक्तिहरू राणाकालमा मात्र नभई त्यसपछि पनि उच्च पदमा पुगी सेवानिवृत्त भएका थिए भन्ने कुरा पनि मनन गर्नु उपयुक्त हुनेछ होला, उदाहरणार्थ सिद्धिमानसिंहका भतिजा सुब्बा ललितमानसिंहका छोरा आनन्दमानसिंह राजभण्डारीले केही वर्षअगाडि मात्र राजाप्रासाद सेवामा सचिवसम्म भई अवकाश पाउनुभएको थियो ।

यहाँ उल्लेखनीय कुरा के छ भने माथि उल्लिखित व्यक्तिहरू अर्थात् सिद्धिमानसिंह राजभण्डारी र उनका भाइहरूको सैनिक दर्जा भए पनि तिनीहरू कामचाहिँ निजामतीतर्फकै गर्दथे । सैनिक दर्जामा पदोन्नति हुनुभन्दा अगाडि तिनीहरूमध्ये कतिपयको दर्जा खरदार, सुब्बा, सरदार आदि निजामति दर्जा थियो । जङ्गबहादुर राणा शक्तिमा पुगेको बेला सिद्धिमानसिंहको दर्जा 'सुब्बा' थियो भने पछि उनलाई 'सरदार' मा पदोन्नति गरी 'खजान्ची' को जिम्मेवारी सुम्पिइएको थियो । त्यसपछि उनलाई सैनिक दर्जा 'कर्नेल' प्रदान गरेर नयाँ मुलुकको बडाहाकिममा नियुक्त गरियो ।[१८] यसरी नै उनका भाइ रत्नमानसिंह राजभण्डारी बाराको बडाहाकिम हुँदाको बखत उनको दर्जा '...सुब्बा' थियो । यसबाहेक सिद्धिमानसिंहका अर्का एक जना भाइ लेफ्टिनेन्ट कर्नेल मेहरमानसिंह पनि 'बडाहाकिम' भएका थिए– सर्लाही जिल्लामा । त्यसभन्दा अगाडि उनी मेजर कप्तान छँदा 'मुलुकी खाना' मा कार्यरत थिए । मेजर कप्तान हुनुभन्दा अगाडि यी मेहरमानसिंहको दर्जा पनि निजामतीतर्फको सुब्बा नै थियो ।[१९] यसरी सिद्धिमानसिंह राजभण्डारी र उनका भाइहरूको दर्जा कहिले निजामती र कहिले सैनिकतर्फको थियो तापनि उनीहरू निजामतीतर्फकै कार्य गर्दथे। सिद्धिमानको परिवारले त्यसबखत 'बडाहाकिम' देखि राज्यका विभिन्न महत्त्वपूर्ण जिम्मेवारी वहन गरेको थियो ।

यसरी दर्जा सैनिक भए पनि कामचाहिँ निजामतीतर्फको गर्ने अरू पनि अधिकृतहरू थिए– राणाशासनकालमा । यसको उदाहरणका रूपमा कर्नेल कुलालन्द राजभण्डारी तथा कीर्तिराज राजभण्डारीको

नाम उल्लेख गर्न सकिन्छ। यी अधिकृतहरूको पद सैनिकतर्फ दर्ता भए पनि तथा उर्दीपुर्दीमा जङ्गी पोसाकमा उपस्थित हुनुपरे पनि दैनिक जिम्मेवारीको काम भने निजामतीतर्फकै थियो ।[२०] त्यसो त राणाकालमा उर्दीपुर्दीमा उपस्थित हुँदा निजामती अधिकृतहरूले लगाउने पोसाकलाई पनि 'जङ्गी पोसाक नै भन्ने गरिन्थ्यो भने कतिपय निजामती अधिकृत कर्मचारीहरूको पद सेनातर्फको एक न एक कोतसित आबद्ध रहेको हुन्थ्यो र यसरी आवद्ध रहेका अधिकृत कर्मचारीहरूले वर्षको दुईपटक बडादसैँ र चैतेदसैँको बेला (ठेकिए-अनुसार) हाँस, बोका वा राँगोसहितको बलिसमेत राखी सम्बन्धित कोतमा पूजा पठाउनुपर्दथ्यो ।[२१]

मेरो यस प्रस्तुतिबाट 'जङ्गबहादुरको बेलाइतयात्रा'का लेखकसम्बन्धी कमल दीक्षितज्यूको अनुमानलाई केही सहयोग पुग्न गए पनि यसका लेखक सिद्धिमान नै हुन् भन्ने कुराचाहिँ प्रमाणित हुँदैन। यसै सन्दर्भमा कमल दीक्षितज्यूले (गोरखापत्र, २०१८ साल फागुन १५ गतेको स्वागताङ्कबाट उद्धृत) 'दुई यात्राबाट' नामक आलेखमा उक्त यात्रावर्णनको मूल ग्रन्थ फेला परेका विषयमा चर्चा गर्दै इतिहासशिरोमणिज्यूकहाँ रहेको 'मूल' (कपी) पत्रादार पाको कागतमा छ र त्यो एउटा ठूलो वंशावलीको अंश भएर रहेको छ भनी उल्लेख गर्नुभएको छ। साथै उहाँले त्यो वंशावली लेख्नेको नाम पनि प्रस्तुत गर्नुभएको छ वंशावलीकारकै निम्नलिखित भनाइलाई उद्धृत गरेर– "यो लेषियाको वंशावलील काठमाडौँ मन्जेस्वरी टोलमा बस्ने गोर्खाली षरदार बुद्धिमानसिंले धेरै वर्षसम्म सङ्ग्रह गरी आफ्नो बुद्धिले भेटायासम्म तयार गरी संवत् १९३५ साल मिति भाद्रवदी १ रोज ३ गाइजात्राको दिन आधा दिनमा लेषि सिधायाको।"[२२]

तर कमल दीक्षितज्यूले उनलाई अर्थात् वंशावलीकार बुद्धिमानसिंहलाई उक्त 'बेलाइतयात्रा' वर्णनका अनुमानित लेखकहरूको पङ्क्तिमा समावेश गर्नुभएको छैन भन्ने कुरा उहाँको निम्न भनाइबाट स्पष्ट हुन्छ– "तर यिनी उनीसित बेलायत गएका हाइनन्। त्यसैले यो बेलाइतयात्राको डायरी बुद्धिमान आफैंले लेखेका होइनन्। वंशावलीमा मिल्ने देखेर त्यो यात्रावर्णन यिनले कतैबाट सारेका हुन् भन्ने देखिन्छ ।"[२३] यसरी नै दीक्षितज्यूले जङ्गबहादुरको जीवनचरित्रका

लेखक प्रतिमन थापालाई पनि प्रस्तुत यात्रावर्णनका अनुमानित लेखकहरूको पङ्क्तिमा समावेश गर्नुभएन तत्सम्बन्धी यस्तो अभिव्यक्ति व्यक्त गरेर– "...मदन पुरस्कारले भेट्टाएको 'जङ्गबहादुरको बेलाइतयात्रा'को भन्ने शङ्का फजुल ठहर्दछ ।"[२४] यसप्रकार प्रस्तुत 'यात्रावर्णन' का सम्बन्धमा उहाँका अनुमानित सम्भाव्य लेखकहरू 'दुई+एक' गरी तीन जना नै यथावत् कायम रहन्छन्– लालसिंह खत्री, सिद्धिमान एवम् इतिहासशिरोमणिज्यूको भनाइबमोजिम पछि समावेश गरिएका शिवनरसिंह। (यद्यपि लन्डन सहरमा डेरा खोज्ने विषयमा यात्रावर्णनमा नै उल्लेख भएको एवं माथि उद्धृत गरिएको प्रकरणबाट यसका अनुमानित लेखकहरूको पङ्क्तिबाट लालसिंह खत्री हटिसकेको हुनुपर्छ भन्ने मेरो भनाइ छ ।)

यस प्रसङ्गमा बुद्धिमानसिंहको वंशावलीमा जङ्गबहादुरको बेलाइतयात्राको वर्णन समाविष्ट भएको देखिनाले यसबाट दीक्षितज्यूको प्रारम्भिक अनुमान अर्थात् यसका लेखक सुब्बा सिद्धिमान हुनुपर्दछ भन्ने अनुमानलाई सही प्रमाणित गर्न थप पुष्टि मिल्ने सम्भावना बढ्न गएको छ भन्न सकिन्छ। नेपालको इतिहासमा अलिकति मात्र पनि अभिरुचि राख्ने व्यक्तिले नेपालको इतिहासका विभिन्न स्रोतहरूमध्ये एक किन्तु महत्त्वपूर्ण स्रोत मानिएका विभिन्न वंशावलीहरूका साथमा बुद्धिमानसिंहको वंशावलीलाई या त पढेको हुन्छ या त्यसबारे सुनेको हुन्छ र मैले पनि त्यसै प्रसङ्गमा यो वंशावलीबारे सुनेको थिएँ। किन्तु यी वंशावलीकार बुद्धिमानसिंह को र कहाँका हुन भन्ने बारे केही थाहा थिएन ।

माथि उल्लिखित वंशावलीकार अर्थात् बुद्धिमानसिंहको परिचयसम्बन्धी वाक्य पढ्दै जाँदा 'मञ्जेश्वरी टोलमा बस्न्या' भन्ने पदावलीले मेरो ध्यान आकर्षित गऱ्यो। काठमाडौँको मञ्जेश्वरी टोल भन्नाले काठमाडौँ-यङ्गालबाट दक्षिणतिर भोटेबहाल एवं लगनचोकतिर जाने बाटो छोडेर दायाँतिर पश्चिमतर्फ एउटा बाटो जान्छ जुन चिकँमुगल र जैसीदेवलको बीचमा पर्ने मझिपाट भन्ने ठाउँमा निस्कन्छ र यही बाटाको सोतोलाई 'मञ्जेश्वरी' भन्ने गरिन्छ। यही मञ्जेश्वरीको एक अङ्गका रूपमा रहेको क्यब छैँ भन्ने स्थलमा मेरो मावलीघर भएबाट म सानो छँदा मावलीघर जाँदा मञ्जेश्वरी

टोलमा अवस्थित भव्य दरबारजस्तो घर कर्नेल सिद्धिमानसिंहको घर हो भनी सुनेको थिएँ। उक्त पदावलीमा रहेको 'मञ्जेश्वरी टोल' ले मलाई यही कुराको सम्झना गरायो। मैले बाल्यकालमा सुनेअनुसारका कर्नेल सिद्धिमान सिंहको घर र माथि उल्लिखित वंशावलीको वाक्यअनुसार वंशावलीकार बुद्धिमानसिंहको घर एउटै टोल 'मञ्जेश्वरी' मा रहेछ भन्ने थाहा भएपछि यी दुईका बीच कुनै किसिमको सम्बन्ध थियो वा थिएन, भए के-कस्तो सम्बन्ध वा नाता थियो भन्ने जान्ने उत्सुकताले गर्दा मलाई संवत् २०६१ आश्विन २९ गते रोज ४ का दिन बिहान नौ बजेतिर त्यसै (अर्थात् सिद्धिमानसिंहका) परिवारमध्येका एक जना प्रतिष्ठित व्यक्ति एवं राजप्रासाद सेवाको सचिव पदबाट केही वर्षअघि मात्र अवकाश प्राप्त गर्नुभएका आनन्दमानसिंह राजभण्डारीको घरदैलोमा पुग्न विवश गरायो।

पूर्वसचिव आनन्दमानसिंह राजभण्डारीको घरमा पुगेपछि मैले आफू आएको कारण बताउँदै कर्नेल सिद्धिमानसिंह र बुद्धिमानसिंहका बीच कुनै नाता-सम्बन्ध थियो वा थिएन र थियो भने कस्तो सम्बन्ध थियो भनी जान्न चाहेको बेहोरा प्रस्तुत गरेँ। मेरो कुरा सुनेपछि उहाँले मैले माथि त्यसै लेखको पृष्ठ ५ मा र तल टिप्पणी नं. १७ मा उल्लेख गरेको उक्त परिवारमा चार कर्नेल र तीन मेजर कप्तान रहेको तथ्य बताउँदै कर्नेल सिद्धिमानसमेतका सात दाजुभाइमा मे. क. बुद्धिमानसिंह पाँचौँमा परी सिद्धिमानसिंहका ठाइँला भाइ भएको कुरा बताउनुभयो।[२५] साथै उहाँले त्यस परिवारसितको आफ्नो नाताको प्रसङ्गमा आफू सिद्धिमानसिंहका माहिला भाइ कर्नेल रत्नमानका नाति तथा सुब्बा ललितमानसिंहका छोरा भएबाट कर्नेल सिद्धिमानसिंह जेठा बाजे एवम् मे. क. बुद्धिमानसिंह ठाइँला बाजे परेको कुरा पनि बताउनुभयो।

यसप्रकार सिद्धिमानसिंह र वंशावलीकार बुद्धिमानसिंह दुई भाइ भएबाट वंशावलीकारले 'जङ्गबहादुरको बेलाइतयात्रा' वर्णनलाई आफ्नै दाजुको कृति भएबाट वंशावलीमा समावेश गरेको हुनुपर्दछ भनी सोची उक्त यात्रावर्णनका लेखक सुब्बा (पछि कर्नेल) सिद्धिमान हुनुपर्छ भन्ने कमल दीक्षितज्यूको पहिलो अनुमान नै सही रहेछ भनी भन्न मिल्दैन र अब ?

## *टिप्पणी*

१. *कमल दीक्षित, 'भूमिका', 'जङ्बहादुरको बेलाइतयात्रा' (प. सं.), पृष्ठ ञ ।*

२. *ऐजन ।*

३. *ऐजन, पृष्ठ ट ।*

४. *ऐजन ।*

५. *ऐजन, पृष्ठ छ ।*

६. *ऐजन, पृष्ठ ञ ।*

७. *बालकृष्ण सम, भक्त भानुभक्त (पञ्चम संस्करण) पृष्ठ ५७-७२ ।*

८. *कमल दीक्षित, 'जङ्गबहादुरको बेलाइतयात्रा' (प. सं.), पृष्ठ १४ र (चौ.सं.) पृष्ठ १३ ।*

९. *ऐजन (चौ. सं.), पृष्ठ २ ।*

१०. *(क) ऐजन (प. सं.), पृष्ठ २ ।*

*(ख) पद्मजङ्ग राणा, 'लाइफ अफ महाराजा सर जङ्गबहादुर' (प. सं.), पृष्ठ १३ ।*

*(ग) जगन्मोहन बर्मा, 'राणा जङ्गबहादुर' पृ. १६० ।*

*(घ) पुरुषोत्तमशमशेर, 'श्री ३ हरूको तथ्यवृत्तान्त' (भाग १), पृष्ठ ४२ ।*

११. *कमल दीक्षित, 'जङ्गबहादुरको बेलाइतयात्रा' (चौ. सं.), पृष्ठ ११७ ।*

१२. *बाबुराम आचार्य, 'नेपालको सङ्क्षिप्त वृत्तान्त', पृष्ठ १५४ ।*

१३. *फणीन्द्ररत्न बज्राचार्य, 'महसीका धलः', पृष्ठ २-१४ ।*

१४. *बाबुराम आचार्य, 'नेपालको सङ्क्षिप्त वृत्तान्त', पृष्ठ १६१ ।*

१५. *ऐजन, पृष्ठ १६४ ।*

*१६. डब्लू. डब्लू. हन्टर, 'लाइफ अफ बी. एच. हड्सन', पृष्ठ ९९ ।*

*१७. पूर्वसचिव (राजप्रसाद सेवा) आनन्दमानसिंह राजभण्डारीले बताउनुभएअनुसार सिद्धिमान राजभण्डारीका दाजुभाइहरूको नाम र दर्जा यसप्रकार थियो– (क) कर्नेल सिद्धिमानसिं (पछि सिंह लेख्ने चलन भएको) राजभण्डारी, (ख) कर्नेल रत्नमानसिंह राजभण्डारी, (ग) कर्नेल मेहरमानसिंह राजभण्डारी, (घ) मेजर कप्तान जुजुमानसिंह राजभण्डारी, (ङ) मेजर कप्तान बुद्धिमानसिंह राजभण्डारी, (च) मेजर कप्तान जुद्धबहादुरसिंह राजभण्डारी र (छ) कर्नेल शमशेरबहादुरसिंह राजभण्डारी ।*

*१८. कृष्णकान्त अधिकारी, 'नेपाल अन्डर जङ्गबहादुर', पृष्ठ २१९ ।*

*१९. ऐजन, पृष्ठ २१८-१९ ।*

*२०. मलाई यो कुरा कर्नेल कीर्तिराजका नाति र बडाकाजी पुष्पराजका छोरा काजी मधुसूदन राजभण्डारीले बताउनुभएको हो ।*

*२१. त्यस बखत मेरा पिताज्यू स्व. सरदार मेदिनीप्रसाद राजभण्डारीको पद पनि छाउनीस्थित कुनै (नाम बिर्से) सैनिक कोतमा दर्ता थियो र प्रत्येक वर्ष बडादसैँ र चैतेदसैँका बेला पूजासहित बलिका निम्ति बोकोसमेत पठाउने गरिन्थ्यो ।*

*२२. कमल दीक्षित, 'जङ्गबहादुरको बेलाइतयात्रा' (चौ. सं.), पृष्ठ ११६ ।*

*२३. ऐजन ।*

*२४. ऐजन, पृष्ठ १६० ।*

*२५. हेर्नुहोस् टिप्पणी नं. १७ ।*

***स्रोतग्रन्थहरू***


१. कमल दीक्षित (सम्पादक), 'जङ्गबहादुरको बेलाइतयात्रा' (प.सं. र चौ.सं.) ।

२. बालकृष्ण सम, 'भक्त भानुभक्त' (पञ्चम संस्करण) ।

३.	पद्मजङ्ग राणा, 'लाइफ अफ महाराजा सर जङ्गबहादुर' (प. सं.) ।

४.	जगन्मोहन बर्मा, 'राणा जङ्गबहादुर' ।

५.	पुरुषोत्तमशमशेर, 'श्री ३ हरूको तथ्यवृत्तान्त' (भाग एक) ।

६.	बाबुराम आचार्य, 'नेपालको सङ्क्षिप्त वृत्तान्त' (खण्ड १) प्रथमावृत्ति) ।

७.	फणीन्द्ररत्न वज्राचार्य, 'महसीका धलः' (हु इज हु इन नेपाल भाषा) ।

८.	डब्लू. डब्लू. हन्टर, 'लाइफ अफ बी. एच. हड्सन' (प्र.स.) ।

९.	कृष्णकान्त अधिकारी, 'नेपाल अन्डर जङ्गबहादुर' (भोल्युम १) ।

३. 'खरिदार हरिज्यूको डायरी'का केही प्रतिच्छवि


श्री ३ महाराज. जङ्ग बाहादुर कुँवरराणा
का बेला पर साथ जाने.
खरिदार. हरिज्यु.
ले. लेखेको
डाये.
री.

## बेलायेत.यात्रा.

सम्वत.१९०६ साल.मा श्रीमद्दीन.प्रचण्ड भुज दण्ड त्यादी.श्री ३ प्राइममीनीष्टर कमाण्ड कम्या
ण्डर.इनचीफ जनरल.जङ्ग बाहादुर राणाजीबाट नजबीज.गर्नू भयाको की.अंग्रेज.
बादसाह्को हाम्रा मीत्रा नाता जोड्यायेको छ: इनी को येरौज.पर्न्दै घर खजाना.हाल.मो
यार. मुलुक.दौलथ.आम्दानी थे थीती बन्दोबस्त.के रहेछ. काहाँका.राजा.भारदार
दुनीआदार गैह्को मीजायेस.कस्तो रहेछ.आज सम्म.हीन्दुस्थान.का.मानीस.बेलाये
त सम्म पुगो आछैन. कोही छैनन्. इनी का.मुलुक.नवाब.र अखबार मा.लेयेको सुन्दा
मात्र हीन्दुस्थान.का.मानीस.लण्डन.बेलायेत.को अधीन.भै सक्या. तेसनी अंग्रेज नबा
दसाह्को बल बरा क्रम.नहुकिकान. गर्ने अरु हीन्दुस्थान.मकोस भोट.चीन.कसैले.स
हास गरी अधीन गर्नै सकेका छैनन्. अब.श्री भगवान.को कृपा भये.चार आम पनी गर्दा
हा हीन्दुस्थान.बेलायेत.१२ हफ्ता बादसाह् हरूका वेत्रे होराको कारखाना.रहेछ.
सो पनी बुझनु पर्ला ओर देखो सबुझे दोस्ती पनी गर्नुपर्ला भनी मनसुबा. गर्नु भयो र.रा
ज्यका भार आफ्ना माहीला भाइ श्रीमहाराज.कुमार कुमार रनजीबा कम्याण्डर इन ची
फ जनरल. बम्बाहादुर कुँवर राणा जी लाइ मुलुकि जगो गैह राज्यका भार.दो.माथ
मा २५.मानीस.जवान.आन भनी पठीया श्रीमहाराज.कुमार कुमारा रनजी कर्णेल ज
गत सम्सेर जङ्ग कुवर राणाजी श्री महाराज कुमार कुमारा रनजी धीर सम्सेर जङ्ग कु
वर राणाजी इडकजनार बडाक प्तान.रणमेहर अधीकारी काजी करबीर खत्री का
जी हेमदल.थापा काजी दीलीसीं बस्नेत लेफटेनान्ट लालसिंघ खत्री लेफटेनेन्ट भीमसेन राणा
सुबा सीधी मान राज भण्डारी सुभान सिं बनारसी परीदार पृथ्वी बोलीर पाण्डे इ २१४
हुदा सीपाही लीयेर माघ महीना. सम्वत.१९०६ साल.बदि जा दान्ची सा पात्री गढी को

जानलाग दा आधै बाटाबाट भमरीपारगरी जाननसक्दि जहाजफर्काईन् परेछ तेसैवेला सिकन्दर बादसाहले नहा व चीन गाडी रहानेछ इसारागरी नेसमा लेषीराषेको छकि

मैर

ननसमुद्र मनल्हरी लगहुं दिलियाः ॥

मुजा षाडि सिकन्द्रकि मनिआबो मनिआव ॥

नाहादेषीकलसमुद्रटापु पुग्नासाथ. तोपको नोबको सलामी दिया बाटाको वेपर लाटसाहेव. लेसवै पुछ्या सबै विस्तारगरिदकानु भय। वडाषातिर गऱ्या जहाजका कप्तान. ले समुद्रकाभमरिको कुरा नाहाका लाटसाहेवसीत जाहेरगऱ्या र लाटसाहेव. साहेरीसाय। कीनभन्या नेपालका श्रीप्राइमानाषर साहेवलाई समुद्रका लहरा थाहाथीयेन. मैलेपो बाधकायपरगरी सम्झाऊं पुछ्यो। वडावडा मानीसले अनौठाकुरा सुन्यापछि ठाकुराको सोधकुन्छ नैले वेभुनासीषव रला। लगीस: कहिं वेनवरासित. जहाज. डुबेको भेपनोषोमहराज. सीन दोसा नामा बलवला मनेथियो भनी वडोअप्सोनगरी रीसाया ओर अर्को जहाज मा चढाइ रामनाथको दर्सनगर्न सवारीभो रामनाथमापनी चाहीने सराजाम. सर्कार अंग्रेजेवाट ठीकठाक. पारीसकेको रहेछ. नाहाभारी पुजागरी ५१५६ जार रुपैयाँ. नीत्यपुजाकालागी अडकाराषी बक्सीयो नाहादेषी कलकत्ताको बाटो कलकत्ता घोडाकोवगीमा डाकराषी १२ दिनमा कलकत्ता पुग्नुभो नाहा लाटसाहेवसित भेट मुलाकात गरी नाहा १०।८ मुकामगरी चाहिने चीज वीजअ र्थि घोडा १०।१२ वगीहरू ल्यानाका डाकमा वनारसनर्फ श्रीप्राइमीनीष्टर

साहेब. सवारीभै श्री वीश्वनाथ जीको दर्सन गरी दानदक्षीणा जो चाहीने गरी
वक्सी वनारस तर्फ सहर्को कुतुक महारानी भैञा वीवाह गरी श्रीप्राइस्मीनीष्टर साहे
व नेपाल तर्फ सवारी भया नेपालमा सवारी भै अगाऔद. उनको थीति वन्दोवस्त र
औँको नसुमा: थीति वन्दोवस्त. गरीवक्सनेछो सम्वत् १९०७ साल. कार्तिक ३ शुभम्

श्लोक.

काजिश्री बालनर्सिं कुवर सबमहा धर्मसूर्त भयाका: ।
पैठेश्री बाम्मीनिमा जप गरी बढीनै १ प्रहर दिँ बिताईथ्या ॥
दोश्रेश्री गुरुप्रसादकालि सरणागरी नहा अष्टमीका तीथीमा ।
फूला भरोश्री गर्थ्या तनकि फल्लीन्हो फुम्ल्याठ जप्नोपाथ्या ॥
पैल्लेश्री जेठाजनरल जनम्या भक्ती विर सिं बिमार्थी ।
दोश्राश्री रणाजङ्ग बाहादुर जनम्या सब मुलुक मुलुकमा जस बढुने भयेका ॥
दानीमा कर्ण जस्ता हरिहर चतुरा आम्बवान मैत्री जस्ता ।
बाबुमा वेग जस्ता रणाकि वीअयमा पाचपास्डवको जस्ता ॥
विर्कुल्लाइ भेद थ्या सवनहा कैविर्देआयनगयो ।
पौष्यो कौहीन. पौचल्ला अवडपर साहेब इनैदेखिये ॥
परनाका. सब्देसिका. विचमहा साहेब जनि को भयो ।
जो थिया आइजो सबैत तीनको मानोत तीनको गयो ॥
घोडाकापीठमा सवारभई सहज. गोला घेरे जकीया ।
योकीर्ति कहराणा नीधान. हजुरका कल्याणकुसल. लागीयो ॥

शुभम्

# तन्काकार रिमालभित्र गुम्सिएका अभिव्यक्ति

*– पुष्कर लोहनी*

*[पुष्कर लोहनी 'नेपाली'मा झुल्किएका पहिलोपटक यसै अङ्कमा हो। पचास वर्षपछि भए पनि विद्वान् लोहनीको लेख 'नेपाली'ले छाप्न पाएकोमा हामीलाई आनन्द लागेको छ। आफ्नो कुरा हाक्काहाकी भन्ने बानी परेका लोहनी यस समालोचना-लेखमा पनि त्यसै गरी बोलेका छन्। उनका धारणाबारे निर्मलकुमार रिमालजीले वा अरू पनि कुनै विद्वान्हरूले आफ्नो विचार राख्न चाहे त्यसको पनि हामी स्वागत गर्नेछौँ।*

*– सम्पादक]*

जापानी दरबारको वातावरणले आठौँ शताब्दीतिर ल्याएको काव्यात्मक आन्दोलनको आफ्नै विशेषता रहनपुगेको छ। लामो कविता र छोटो कविताको विभाजनअन्तर्गत 'तन्का' लाई छोटो कविताको रूपमा अर्थात् ५-७-५-७-७ को सिद्धान्तअनुसार हेर्नुपर्ने हुन्छ। त्यसैले भन्ने गरिन्छ– "Tanka poems evoke a moment or mark on occasion with concision and musicality." जापानको हेयानकालमा विशेष गरेर स्वास्नीमान्छेलाई नै महत्त्व दिनुका साथसाथै सुसंस्कृत व्यक्तित्व भएका पुरुषवर्गलाई पनि प्रोत्साहन नदिने भन्ने कुरा आउँदैनथ्यो। त्यसैले यस पक्षलाई पनि बिर्सनुहुँदैन हामीले– "During Japan Heian period (794-1185A.D.) it was consider essential for a woman or man of Culture to be able to both compose beautiful poetry and to choose the most aesthetically pleasing and appropriate paper, ink, and symbolic attachment-such as a branch, a flower to go with it."

आफ्नै परम्परागत पुरानो मान्यता र आस्थामा हुर्किँदै र विकसित हुँदै गएको जापानी तन्का विस्तारै शैली (Style) र सार (Content) मा पनि केही परिवर्तित स्वरूप देख्न नसकिने होइन। तन्कालाई यसो हेर्दा व्यक्तिभित्रका उद्वेगहरूलाई अलङ्कार तथा चिन्हात्मक भाषाले सधैँ उत्प्रेरित गरिरहेको हुन्छ। आफ्नो घेराभित्रको

प्रकृतिलाई छाड्ने भन्ने कुरै आउँदैन। मानवीय सम्बन्धको आफ्नै पक्ष हुन्छ। त्यही पक्षले उत्तेजित गर्दाको व्यक्तिगत क्षण अर्थात् आक्रोसले नै कविभित्रको विवेकलाई उधिन्ने काम गरिदिए स्वरूपको फल हो। ती अनुभवहरूलाई जब अँगालो मारिन्छ तब आत्मीय वेदनाको भावनाहरू प्रेम, दया, दर्द, एक्लोपन, वेदनाग्रस्त अवस्था तथा मृत्युबोधको साथसाथै बौलट्ठीपनका आवाजहरू हुर्रिंदै विभिन्न वेदना निस्किन थाल्छन्– हाँस्दै, रुँदै, चिच्याउँदै अरू चाहिने नचाहिने किसिमले हँसाउँदै, त्रसित पार्दै, व्यङ्ग्य गर्दै। खास गरेर तान्कालाई प्रेमीप्रेमिकाले Secret Message का रूपमा नै प्रयोग गर्ने परम्पराको स्थापना गरेका थिए। गुप्त रूपले उत्तेजित आवेगहरूलाई वयान गरिनु नै एउटा आफ्नै कलात्मक बाटो भएको हुनाले तन्काको मौलिक विशेषता संसारभरि रहन पुगेको हो। सरलताभित्र पनि गम्भीरता अरू थोरै शब्दभित्रको प्रतीकात्मक अर्थको व्याख्या र भाव बुझ्न पनि त्यत्तिकै कठिन नहुने होइन। सरलताभित्र कठिन भए पनि जटिल पक्षको संरचना सजिलैसँग बुझिने भन्ने कुरा पनि आउँदैन।

जापानी लामो कविता (चोका) र छोटो कविता (तन्का) का प्रभाव नेपाली साहित्यमा राम्रैसँग नपरे तापनि भावनात्मक रूपले चाहिँ अँगालो मारिसकेको छ। यसै रफ्तारमा तन्काको स्वरूप ग्रहण गर्दै पच्छ्याउँदै हिँड्न खोज्नुभएका निर्मलकुमार रिमालका (तन्कासङ्ग्रह) पनि आफ्नो उद्वेग फाल्न पछाडि परेका छैनन्। वास्तविकताबाट बिलाउन पुगेको आफ्नो प्रेमिकाको भूत अझै छाया भएर रुमल्लिन थाल्दाबाट सुरु भएको पहिलो तन्कालाई नै नउभ्याईकन सिङ्गो रूप नै हेर्न र विचार गर्न सकिन्न। हेरौँ रिमालको अभिव्यक्ति–

*छैन किनारा*
*बग्नै छाड्यो नदीले*
*एकादेशकी*
*परी नै आइनन्*
*उजाड छे धरती।*

वास्तविक संसार उजाड हुनपुगेको छ। अदृश्यशक्ति अँध्यारो पक्षलाई साथ लिएर होइन कि एउटा स्निग्ध स्वरूपद्वारा मोहित गर्दै हृदयमा बास बस्न पुग्नु नै काफी भइसक्यो– दन्त्यकथाको

परम्परागत आस्थावान् आशा जस्तै। परीको किनारा नै छैन। कवि रिमालको जीवन रूप नदी बग्नै छाड्यो। बग्दै आउलिन् र त्यही क्षणमा ग्वाम्म अँगालो मार्ने आकाङ्क्षालाई उजाड छातीले दयाहीन कसरी बनाइदियो कुन्नि ! मौलाउन सकेन आफूले जति चिताए पनि। आफैभित्र आफूलाई आफ्नै शब्दले थिच्नुपर्ने अवस्था आइपरेपछि के लाग्दो रहेछ र ! भन्नै पर्‍यो आफ्नो आत्मालाई सुनाएर एकछिन भए पनि मनलाई चङ्गा पार्न–

*पोइल गई*
*अन्धकार चिरेर*
*रैथानेसँग ।*

प्रेम गरे पनि र प्रेमको आलिङ्गनममा एकै भए पनि इच्छा मौलाउन सकेन। पुर्‍याउनुपर्ने कुरा पुगेनछ कि अथवा पुर्‍याउँदा पुर्‍याउँदै अति नै भएर हो कि अथवा बीचमा बाधाअड्चन नै अइपुग्दा हो कि ! स्विकार्नु पनि ठूलो कुरा हो। जो पायो उसले सजिलैसँग यसै भन्न पनि भन्दैन तर सुन्नुपर्‍यो रैथानेसँग पोइल गई। कस्तो किसिमको अन्धकार चिरेर गएको कुरालाई खोतल्दै जाँदा–

*प्रेयसीसँग*
*रमण गर्ने इच्छा*
*शान्त सौरभ*
*प्रकृतिको छहारी*
*खेल्दै मीठो जुहारी ।*

इच्छा पनि गजबको हुन्छ। केटीसँग घुम्ने इच्छा सबैको नहुने होइन। शान्त वातावरण चाहिँदो रहेछ इच्छालाई तृप्त पार्न। प्रकृतिको काखमा कसैले थाहा नपाउने, अझ भन्ने हो भने कसैले पाइलै नटेकेको कुमारी प्रकृतिको छहारीमुनि अनि जुहारी, त्यो पनि मीठो भाकामा हृदयलाई नै झनझनाएर उत्तेजित पार्दै खेल्ने कल्पना। कहिलेकाहीँ कल्पना पनि साकार हुँदो रहेछ–

*एक्कासि भयो*
*भेट तिम्रो र मेरो*
*अप्ठ्यारो भयो*

*केही क्षणको लागि*
*दिवास्वप्न जस्तै भो ।*

कवि स्विकार्छन्— एक्कासि भेट भएको कुरालाई । चिताउनु मात्र पर्दो रहेछ। समयले साथ नदिने भन्ने कुरै छैन। हरेकको आफ्नै चाहना- इच्छाहरू घुमिरहेका हुन्छन्, खोज्ने प्रयास भइरहेकै हुन्छ, नपत्याउने खालको भेटघाट भइरहन्छन् । भेट्दा अप्ठ्यारो पनि परेछ तर कस्तो किसिमको भनेर कुतूहल सबैमा उठ्ने नै भयो । दिवास्वप्नको अर्थ खोतल्न खोज्दा कवि आफै बक्न थाले—

*पालेको छैन*
*कत्ति पनि आकाङ्क्षा*
*मैले बुझेँ ल*
*तिमीलाई नै भन्छु*
*रित्तो बनाऊ मन ।*

जसले भोगेको छ अप्ठ्याराहरूलाई त्यसले मात्र राम्ररी बुझ्न सक्छ। बुझेर मात्र पनि हुँदैन। कति मात्रामा बुझ पचाइहाले आफ्नो लिँढेढिपी नछाड्दा आफूलाई मात्र होइन अरू पनि आपत्तिमा लगेर कोचिदिन सक्छ । दिवास्वप्नले ऋवाप्प छोपेपछि आँखै उघार्न सकिँदैन । तन्द्रामा लगेर कावा खान थालेपछिको संसारको स्वरूपै बदलिन सक्छ। आकाङ्क्षा पालेको छैन भन्न सक्नुभित्र कुन तत्त्वले जरा गाडिसकेको रहेछ भन्ने अर्थ नआउने होइन। दिवास्वप्न देख्नेले एउटा मिथ्या दर्शन बनाइसकेको हुन्छ । त्यही दर्शनको उमङ्गमा उफ्रँदा कहिलेकाहीँ सन्की व्यवहार देखिन आउँछ। भ्रमलाई बुझ्नेले सजिलैसित भनिदिन्छ— संसार रित्तो छ । कविभित्रको एउटा भ्रमले सिर्जना गरेको परीको देश, रैथाने अन्धकार र दिवास्वप्नले एउटा भिन्दै आत्मबोधले सताइरहेको जस्तो भान हुनपुग्छ। आफ्नै किसिमले आफैलाई मात्र बुझेर समस्या त हल हुँदैन । मनलाई रित्तो बना भन्दैमा सजिलैसित भने जस्तै रूप र आकारमा ढालिन सक्छ र ? भरिएको मनलाई रित्याउनु भनेको विभिन्न किसिमका कुरालाई सजिलैसित मिल्काएर अर्काका लागि ठाउँ खुला राखिदिनू भनेको हो। स्वप्नजगत्बाट अलग्गिँदाको आवाज—

*भिजेको माटो*

*मातृत्व पलाउने*
*बोटबिरुवा*
*सुगन्धित मौसम*
*स्वच्छ वातावरण ।*

आँखाअगाडि नाचिरहेको हुन्छ– रुरुल्को । त्यतिले नपुगेर अस्पष्ट आवाज आइरहेको हुन्छ– भिजेको मातृत्व बोट सुगन्धित स्वच्छ। लफ्रक्क भएर फिँजिसकेछ, मातृत्व त बोट भएर ठिङ्ग उभिन पुगेछ, छहारी सुगन्धित भएर फैलँदा स्वच्छ वातावरणमा मौन आवाजबाहेक अरू केही नै छैन । कवि रिमाल रुल्यास्स हुन्छन् । आँखा मिच्दै आफैबाट उम्कन खोज्ने तरखर लाग्दाको बोली–

*पलपलमा*
*बित्दो छ यो जवानी*
*पत्तै हुँदैन*
*कहाँ को र कसरी*
*आउँदै-जाँदै गर्दा ।*

तन्काकार रिमाललाई विभोर पारेको क्षणको पनि एउटा भिन्दै विशेषता हुनपुगेको छ– 'मन्द बहेको पवनको स्पर्शले ।' स्पर्श नहुँदो हो त अथवा मन्द गतिले हावा नै नबहेको भए रिमालको जीवनको पक्ष अर्कैतिर कोल्टे परेको भए कस्तो किसिमको भावुकताले हृदयमा जरा गाड्ने थियो होला । यस्तो कल्पना भरेर अलमलिनुको सट्टा निर्मलकुमार रिमालको पवित्रा खुलेर निस्किहाल्छ–

*प्रियतमाको*
*हर क्रियाकलाप*
*बेजोड हुन्छ ।*

बेजोड क्रियाकलाप आफ्नै किसिमको थियो होला भन्न हुने थियो कि थिएन त्यतापट्टि नलागेको खण्डमा एउटा अड्कल लगाउन सकिने गाँठो फुकाल्न सकिएको खण्डमा–

*प्यासी छौ तिमी*
*पिउँदैन नदीले ।*

नदीले त पिउँदैन। हो, अवश्य पनि पिउँदैन। नदीभित्र डुबुल्की मारेर धित मरुन्ज्याल पिउन सक्नुपर्छ। प्यासी त हुन्छ तर नदीको

किनारसम्म पुग्न पनि त त्यति सजिलो छैन। कहीँ नदीले नै पिइदियो भने प्यासीको हुर्मत नखोलिएला त ? सपनामा त धेरैधेरै कुरा निस्कन्छन् असम्भव तरिकाले । अर्थ खोज्नुपर्दा बिपनीमाथि आइपर्ने आपत्ति पनि डर लाग्दै हुन्छ । तात्नु र सेलाउनु, ओइलिनु र मुस्काउनु–सेलाइसक्दा पनि अलिअलि तातन्को रन्काइ अनि के चाहियो र ? जति घुर्की लगाए पनि, जति भाग्न खोज्ने पनि खोजीको क्रम त रोकिनेवाला छैन । भन्नुपर्ने बाध्यता–

*खोजीमा थिएँ*
*नियतिले दिलायो*
*अप्सरा जस्ती*
*भेट्टाएर सँगिनी*
*छु म आत्मविभोर ।*

दिवास्वप्नलाई महत्त्व दिने तन्काकार रिमाल यथार्थतन्को नजिक पुग्छन्– विश्वास लिएर पाइने कुरा पाइहालिन्छ। स्वप्न त्यो पनि दिवास्वप्न। आँखा चिम्लेर उत्तानै पर्दै लम्पसार शरीरको चाहना पनि अनौठै किसिमले दगुर्न थाल्दा–

*दुई किनारा*
*चाहिन्छ नदीलाई ।*

हो, दुइटा किनाराको च्यापामा च्याप्पिएर खोल्सो बगेपछि जस्तोसुकै कठिनाइसित पनि ठेलमठेल गर्दै आफ्नो गन्तव्यस्थान सजिलैसित पुग्न सकिन्छ । हाम्रा तन्काकार रिमाललाई च्याप्पिनुपर्ने अवस्थै आइपरेको रहेनछ । त्यसैले खुलस्त हुँदा–

*तर मलाई*
*तिमी मात्र चाहिन्छ*
*दुखेसो बिसाउन ।*

परेली भिज्छ। भिज्नु पनि स्वाभाविकै हो। एक्लो जीवन जब च्याप्पिनुपर्ने अवस्थै नआएको बेला नजिक पर्दा पनि टाँस्सिन पाए हुन्थ्यो भन्ने चाहनामा खुम्चनुपर्दा आँसुको धाराबाहेक सहारा अरूको नै हुन सक्छ र ? स्विकार्नुपर्छ आफ्नो भावुकतालाई। त्यही भावुकताको फल यसरी निस्कन्छ–

*नजिक आऊ*
*भई प्रेममा लीन*
*सुवासमयी*
*भई बन प्रेरक*
*मलाई जगाउन ।*

आत्मसमर्पण । समर्पणभित्रको विश्वास र त्यही विश्वासले जगाएको आस्था अनि बिउँझन पुग्छ, दीवास्वप्नको कालो संसारलाई उदाङ्ग पार्दै–

*खोजीमा थिएँ*
*नियतिले दिलायो*
*अप्सरा जस्ती*
*भेट्टाएर सँगिनी*
*छु म आत्मविभोर ।*

नपाउन्ज्यालको कल्पना– त्यही कल्पनाले साकार रूप लिएपछि फेरि समस्या नउठ्ने भन्ने कुरै छैन । तर्क आफै उठेर आउँछ– आफ्नै अगाडिको कल्पना साकार भएर ठिङ्ग उभिन पुग्दा । जवानीको भाषा आफ्नै किसिमको हुन्छ शारीरिक अभिव्यक्तिको स्वर आफ्नै किसिमले निस्कन्छ । आँखा त आँखै हो । सूत्रधारको गति । भताभुङ्ग पार्ने हो कि कोमलता बगाउने–

*आँखाको भाषा*
*बुझ्न हुँदैन गाह्रो*
*मस्त जवानी*
*गर्न सक्छ बेहोस*
*केही क्षणका लागि ।*

आफ्नो प्रेममाथि कुदृष्टि नपरोस् भन्ने आस्था राख्ने तन्काकार रिमाल प्रेमप्रति उदार भावना नै देखाउन पुग्छन् । धैर्यसाथ प्रेमलाई जोगाउने चाहना प्रबल नै देखिन्छ । खुलस्त भएर आ-आफ्नो कुरा सुनाएर जीवनलाई रापिलो बनाउने इच्छा पनि त्यत्तिकै उदार भएर झ्याङ्गिएको देख्दा आकाङ्क्षालाई दरिलो बनाउने पक्षको वकालत पनि चानचुने छैन । अँध्यारो र उज्यालाको कुरा झिक्ने क्रम त छँदै छ तैपनि रिमाल बक्छन्–

*त्यस्तै तिमीबिना म*
*हुन्छु महत्त्वहीन ।*

रात र उज्यालाको कुरा– आकाश र पातालको चर्चा– एकअर्काको स्पर्शबिनाको तातोपन । भावुकताको नशाभित्र बगेका कल्पनाका फोकाहरूको उत्तेजना झन् सम्झिसक्नु नै छैन । होस् पनि कसरी–

*नपिएर नै*
*नशेलु हुन्छ किन ?*
*रूपको नशा*
*त हुन्छ झनै कडा*
*जान्नुपर्छ पिउन ।*

नपिँउदा त नशाले झुम्म पार्छ भने पिएपछि त संसारै अर्को । रूपको नशा कडा हुन्छ तर त्यसलाई पिउन जान्नुपर्छ भनेर गर्वसाथ मात्तिन खोज्दा तन्काकार निर्मलकुमार रिमालको स्वाभिमान यसरी उम्लन पुग्छ–

*पाउन्नौ तिमी*
*म जस्तो दिलदार*
*गर विचार*
*नगर खेलबाड*
*आफ्नो जीवनसँग ।*

आफूलाई दिलदार भन्दाभन्दै सम्झाउन पुग्दाको अवशेष– रूखो नबनी निर्मल बन भनेर दिएको अर्ती– अनगिन्ती भावुकताको चक्रव्यूहले जीवनलाई बिउँताउन खोज्दाको आवाज–

*म तिमीबिना*
*सुकेको काठ जस्तो*
*बल्न तयार*
*खरानी बन्न पाए*
*मल भएर पोस्थैँ ।*

पराकाष्ठा ! उत्तेजित अस्तित्वले उक्साएको समर्पित प्रेमले कुल्चेर छाप लागेको निर्मल अस्तित्वमय हल्का छाया । फुर्काउनुको सीमा होला– सीमाभित्र आफूलाई बन्धकी राखेर प्रेमिकाप्रतिको

आस्थारूपी पहिचानलाई उदाङ्ग पार्न सक्नु पनि ठूलो हिम्मत मान्नुपर्ने हुन्छ। पाउनु र नपाउनुको कुरा बेग्लै हो। कुराको सिलसिलामा–

*चाहँदिनँ म*
*हेर्न तिमी भत्केको।*

कसरी हेर्न सक्छ भत्केको अवस्था जब कि प्रेमिकाले दिएको देनको हिसाबकिताबको चुक्ता नगरीकन–

*सुनसान छ*
*ऊर्जा दियौ तिमीले*
*विभोर भएँ।*

निर्मलकुमार रिमालले आफूलाई असजिलो किसिमले जतिसुकै सहज रूपमा प्रदर्शन गर्न खोजे पनि जीवनको जटिल पक्षबाट उम्कन खोज्दाखोज्दै सम्झिन पुगेको क्षणको महत्त्वपक्षलाई विचार गर्नुपर्ने हुन्छ। जीवनको एउटा पाटाका नजिक पुग्नुलाई पनि कम भन्न मिल्दैन। तह खोज्नुपर्छ तर सजिलैसित तह मिलाउन पनि जान्नुपर्छ– झुकेर कि निहुरिएर कि आत्मसमर्पण गरेर कि अथवा उद्दण्ड व्यवहारको प्रदर्शनभित्रका तमाम गतिविधिको प्रयोग गरेर तन्काकार रिमाललाई खोतलेर अगाडि सार्नुसट्टा उनले नै सहर्ष रूपमा स्वीकार गर्न पुगेका व्यक्त रूप–

*कुरिबसेँ म*
*आउँछौ कि भनेर*
*मनमा थियो*
*दर्शनको रहर*
*भयो अब साकार।*

फलिफाप भयो– कुरिबस्दा। रहर थियो– दर्शन पाइन्छ कि पाइन्न भनेर। दर्शन दिनकै निम्ति आएपछि बाँकी के रह्यो त? अनि जीवन साकार नहुने भन्ने कुरै नउठाए भयो निर्मलकुमार रिमालका लागि।

साकार रूप आफ्नो फेला परेपछि खुसीको सीमा नै हुँदैन। के गरूँ, के भनूँ भन्ने कुराले उत्तेजित बनाइदिएपछि फुर्कने स्वभाव आफै देखापरिहाल्छ। आफू फुर्केपछि अरूलाई नफुर्क्याईकन आनन्दै आउँदैन। साकार रूपका अगाडि साकार बन्न खोज्ने निहुँमा–

*बयान गर्न*
*कुनै पनि चीजको*
*हुन्छ रहर*
*तिम्रा रूप निहार्दा*
*पुलकित हुन्छु म ।*

रहर मेटाउनु थियो मेटाइहालियो– बोली सुनाएर। त्यस्तै रूप निहारेर प्रफुल्लित भएको कुरा व्यक्त गर्न पछि नपर्ने तन्काकार रिमाललाई केकस्तो कुराले अथवा भावले चित्त नदुखाइदिएको भए यस्तो भन्नुपर्ने थिएन कि–

*छुच्ची छौ तिमी*
*नभएर त होला*
*मुट्ठी खोलेर*
*आऊ म भरिदिन्छु*
*त्यो हथेलीमा माया ।*

रहर त सबैको हुन्छ। रहर लाग्यो भन्दैमा अरूको रहर पनि केकस्तो छ, बुझ्न सक्नुपर्छ । मानिसको स्वार्थपन आफ्नै किसिमको हुन्छ– आफ्नै किसिमले एकलकाँटे बनाइदिइरहेको कुरा आफैलाई थाहा हुँदैन। मुख छ, जे बोलिदिए पनि फरक पर्दैन– फरक परे पनि फरकको वास्ता नगर्ने बानी भइसकेपछिका आवाजको मूल्यको भाउ जति बढे पनि जति घटे पनि छिचरो अस्तित्वलाई आफैले टेवा दिनुपरेपछिको सोचाइ–

*बोलाउन्नँ म*
*अब कहिले पनि*
*माया मारेर*
*जानेलाई सम्झेर*
*नगर घात तिमी ।*

घुर्कीको आफ्नैपन– पनमा गतिशीलको बाढी आउन थालेपछि आवाज पनि चर्को हुने नै भइहाल्यो। घुर्कीको आवाज सुनाउनु मात्र त हो नि ! एकलकाँटे सोचाइ र हेराइको आयामलाई घुरेर हेर्ने हो भने तन्काकार रिमालको स्थिति हल्लन थाल्छ । बोल्न त प्याच्च बोलिदिइहाले– तुरुन्त आफूलाई सम्हाल्दै पहिले बोलेको कुरालाई

अलिकति पनि ध्यान नदिएर अथवा वास्तै नगरे जस्तो गर्दै आफूलाई सजिलोसित हलुका बनाउने तर्खरमा लाग्दा–

*टाँस मलाई*
*तिमी यस्तरी प्रिय*
*भुल्न सकूँ म*
*यो सांसारिक पीडा*
*तिमीमै लीन भई ।*

समयले व्यक्तिभित्रको मनोदशालाई हेरिरहेको हुन्छ- बुझ्ने प्रयास गरिरहेको हुन्छ र त्यति मात्र होइन, गति पहिल्याउन पनि पछि पर्दैन । निर्मलकुमार रिमालले आफ्ना अनुभूतिहरू, आवेगहरू र आफ्नो कपटीपन जति लुकाउन खोजे पनि उनीभित्रको अतृप्तिका ज्वालाहरू देखापरिरहेका हुन्छन् । घात-प्रतिघात, ईर्ष्या र अवहेलना, कडाइका आवाजहरू एकातिर लुक्न पुग्छन् भने अर्कातिर नरमपनका हावाहरू हल्लन थालेपछिको अवस्था । प्रेमका सपना– प्रेममै आबद्ध विचारका शृङ्खलाका उतारचढाव– बौलाहापनको नाटकीय परिवेश र त्यही पागलपनभित्र आफूलाई आफैले समावेश नगरिदिएको भए –

*पत्तै भएन*
*तिमी पसेको ममा*
*चरमानन्द*
*भयो अङ्गअङ्गमा*
*मिल्दा दुई शरीर ।*

रिमालले पत्ता पाएनन्– होसमा हो कि बेहोसमा । जीवनको चरम इच्छाहरू चाहे त्यो जति माथि उक्लेर टुप्पियोस् अथवा गहिरिएको तलतिर धापिँदै धापमै गढे पनि मर्न त मर्दो रहेनछ– एउटा आस्था, त्यो हुन सक्छ आध्यात्मिक ध्यानको गहिराइमा आफ्ना सपनालाई चकनाचूर पार्नका निम्ति सांसारिक सत्यपक्षको शारीरिक विवेकलाई पनि सम्झेको हुनुपर्छ ।

विभिन्न पक्ष समावेश भएका छन्– व्यङ्ग्यात्मक आवाजहरूको आफ्नै शृङ्खला नभएका होइनन्– समसामयिक पात्रलाई चुनौतीका रूपमा उभ्याउन पनि त्यत्तिकै सफल छन् निर्मलकुमार रिमाल । दिन्छन् आफ्नो आवाज– 'खेर नफाल,' 'कालो अशुभ', 'चौटा लुछेर',

'लुछाचुँडी' । महानता पनि छ– कमजोरीपन त्यत्तिकै मात्रामा सहज रूपमा देखिएका छन्– गहिरिनुको अभाव एकातिर देखिन्छ भने अर्कातिरको खाडल पर्न पनि नभ्याएको हो कि जस्तो लाग्ने हुन्छ । आशावादी पक्षलाई राजनीतीकरण गर्न अगि बढेका रिमाललाई हेरौँ–

*कालो अशुभ*
*रातोमा सजिएर*
*आएँ है म त*
*लाजवन्ती बनेर*
*कहाँ छ मेरो स्थान ।*

लाजवन्ती बन्न सक्ने आस्थावान्ले स्थान खोज्न पुगेको देख्दा– अनि आक्रोशको आवाज यसरी निस्कन पुग्छ–

*पिशाचहरू*
*फेरि छन् सत्तामा*
*लाग्दैन तह*
*यिनको बासी दिमाग*
*चिर्नु नै पर्छ अब ।*

स्थान खोज्ने लाजवन्ती र चिर्नुपर्ने बासी दिमाग– अनि आफैलाई भौतारिँदै विभिन्न अवस्थामा विभिन्न रूपको अनुहार सडकनाटकमा रिमालले आफूलाई राम्ररी उभ्याएका छन् । हेरौँ दर्शकहरूको मनोदशा र स्तरअनुहारको आक्रोश र समर्थनपक्षलाई ।

जीवन प्रयोग हो- त्यो प्रयोग गर्ने शैली भिन्दाभिन्दै हुन्छ, 'तन्का' का रूपमा देखापरेको आस्था !



# मदन पुरस्कार 'मेडिकल' निबन्धहरू

*[यस विषयमा यसभन्दा अघि (पूर्णाङ्क १७८) मा पनि चर्चा गरिएको थियो । २०१२ सालमा रानी जगदम्बाले भारतको पश्चिम बङ्गाल सरकारसँग 'सम्झौता' गरेर कलकत्तामा मेडिकल कलेजहरूमा दुई जना नेपाली विद्यार्थीहरूले वर्षैवर्ष डाक्टर पढ्न 'सिट' पाउने प्रबन्ध मिलाएपछि त्यसरी प्राप्त भएका सिटमा विद्यार्थी छानी पठाउने जिम्मा मदन पुरस्कार गुठीलाई दिइएको थियो । गुठीले इमानदारीसाथ त्यो जिम्मेदारी पूरा गर्दै आएको छ । ५३ वर्ष भैसक्यो । पहिले-पहिले यो छनौट प्रक्रिया तत्कालीन सदस्य-सचिव (हालको अध्यक्ष) ले आफ्नो स्वविवेकले गर्थ्यो। तर समयको परिवर्तनसँगै त्यस प्रक्रियामा सुधार गर्दै सकेसम्म कृपावाद नहुने गरी, योग्यतम विद्यार्थी छानी पठाउने काम गर्दै आएको छ गुठीले । त्यस छनौट प्रक्रियामा गत दुई दशकदेखि एउटा निबन्धलेखन प्रतियोगिता पनि गराइन्छ, एक सय पूर्णाङ्कमा जम्मा (२०) बीस प्राप्ताङ्कको । २० मा ७ अङ्कसम्म प्राप्त गर्न नसके त्यो विद्यार्थी अरू ८० मा जतिसुकै अङ्क ल्याए पनि छनौटमा पर्न सक्तैन । यसैबाट गुठीले यो निबन्ध-लेखनलाई दिएको महत्त्व स्पष्ट हुन्छ । सो, यस वर्षको छनौट परीक्षामा सम्मिलित १०४ जनामध्ये उत्कृष्ट नम्बर पाएका मध्ये ६ ओटा निबन्ध यहाँ प्रस्तुत छन्। यस वर्ष परीक्षार्थीहरूलाई निबन्ध लेख्न चारओटा शीर्षकको विकल्प दिइएको थियो। (१) नेपालको संविधानसभा (२) हाम्रो नेपाल यो सानो संसारै हो (३) विज्ञानका दौड र (४) कुकुरको पुच्छर र वानरको पुच्छर*

*यी चारमध्ये अधिकांश विद्यार्थीले निबन्ध लेख्नलाई १ नम्बर नै छानेको देखियो । त्यसपछि छनौटमा क्रमश: (२) र (३) परेका रहेछन् । सबभन्दा कम, जम्मा दुई जनाले मात्र नम्बर (४) लाई छानेको देखिएको थियो। ती चारैओटामध्ये दुईको एकएकओटा निबन्ध र दुईको दुईदुईओटा नमुनाका रूपमा चयन गरी यहाँ दिएका छौँ। दुर्भाग्यको कुरा के भने यहाँ उत्कृष्ट भनी छापिएका निबन्ध लेख्ने कुनै पनि विद्यार्थी यसपटक डाक्टरी पढ्न जाने मध्येमा परेनन् । त्यो किनभने उनीहरूले नेपाली निबन्धमा उत्कृष्टता प्राप्त गरे तापनि उता विज्ञान विषयपट्टि चाहिँ राम्रो अङ्क ल्याउन सकेनछन् । उनीहरू*

*उत्कृष्ट दस अर्थात् 'टप टेन'भित्र छिरेनन् । अन्तर्वार्ताका लागि आउन पाएनन् । अनि अरू नै दस जना मध्येबाट अन्तर्वार्तामा छानिएका दुई जना कलकत्ता गए । यसपालि छानिएर गएका दुई जनाको नाम यसै अङ्कको पृष्ठ १ मा छापिएको छ ।*

*– सम्पादक]*

**'हाम्रो नेपाल यो सानो संसारै हो'**

*– नवीन खड्का*

प्रकृति परीको सुकोमल वात्सल्यमा रमाउँदै दूबोको भोजन गर्दै हिँड्ने दूधमुखे शावकझैँ प्राकृतिक सुन्दरता, अलौकिकताको स्तनपान गर्न आदिदेखि अनन्तसम्म अनवरतरूपमा लागिरहेको प्राकृतिक रङ्गशाला नेपाल हो । हिमालरूपी श्वेत निश्चल पछ्यौरा ओड्ने, पहाडरूपी हरितताको चौबन्दी चोली लगाउने र शश्यश्यामला तराईको पहेँलो धोती बेरेको नेपाल सृष्टिकर्ताको एक मात्र अनुपम रचना हो ।

जल, वायु, तेज, आकाश र पृथ्वीको समिश्रण रहेको म र मेरो देश दुवै पर्याय हौँ । म मेरो मुटु र माटोमा केही पृथकता पाउँदिनँ मेरो देशको सगरमाथामा कृष्ण बसेर बाँसुरी बजाउँछन् अनि मेनका र उर्वशी हर्षविभोर भएर आफ्नो अद्वितीय नृत्य प्रस्तुत गर्छन् । यहाँको पहाडको कान्ला र खोलामा सरस्वती र लक्ष्मी घाँस काट्दा पातको पिपिरी बजाउँछन् । यहाँको हिमालको शीतल छहारीमा विष्णु विश्राम गर्छन् र इन्द्र लुम्बिनीमा शान्तिदीप प्रंज्वलित पार्छन् । बुद्धले पिएको पानी मैले पिएको छु, त्यसैले शान्तिप्रति मेरो अनुराग प्रगाढ छ । कञ्चनजङ्घाबाट उडेको परेवा कुनै बिघ्नबाधाबिना केचना पुग्छ । गण्डकीले कलकल गरी गीत गाउँदा गान्धारी पनि आँखा खोल्छिन् । मेरो देशमा दुई करोड बत्तीस लाख देवी-देवताहरू छन्, जो भ्रातृत्वको गीत पाठ गर्छन् । 'चार जात छत्तीस वर्णको साझा फूलबारी- नेपाल' भन्ने मन्त्र अलाप्दै नेपालहरू अनुराग आदान-प्रदान गर्छन् ।

कोइलीको कोमल कुहुकुहुबाट सुरु भएर कर्णालीको कञ्चन जलको कलकलसँग यहाँको शान्ति ऐश्वर्य फैलिएको छ । पारिजातको

फूलबाट सुगन्ध सापट लिएर, सुनाखरीको गुच्छाबाट सुन्दरता चोरेर र ऐँसेलु र काफलको मिठास लिएर नेपाल नेपाली मुटुमा मुस्कुराउँछ । यहाँको जङ्गलमा मृग र बाघ आत्मीयताको आदान-प्रदान गर्छन् । डाँफे र मुनाल नेपाली स्वाभिमानी गाथा गाउँदै विश्वभ्रमण गर्छन् । बिनायोको धुनले माइला दाइको सुस्केरा गाउँछ, सेती भाउजूको नाम्लोको बरियोको कथा सारङ्गी ओकल्छ । रोदीघरमा नाच्ने चमेली पाउजुको छमछम सुनाउन टुङ्ना व्यस्त छ ।

'जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी' को भावनाले नेपाली मन र मस्तिष्क भिजेको छ । म सपनामा देखेको सुनको मृगभन्दा बिपनामा पाइने पसिना र ठेलाप्रति आकर्षित छु । मूल रसाएर आएको पानीले मेट्ने प्यास मिनरल वाटरले तृप्त पार्न सक्दैन। ऐँसेलु र जरुवाको पानीले मोटाएको जिब्रो कृत्रिमताले पाकेको पिजा पचाउन सक्दैन । विदेशी स्याउभन्दा स्वदेशी नासपाती मन पर्नु कुनै नौलो कुरो होइन। यहाँ खसीहरू खप्तडको लेकमा मुस्कुराउँछन् र दुःखहरू गैँतीको बिँडमा पसिना बनेर बहन्छन् ।

यसरी प्राकृतिक छहारीमा सांस्कृतिक काखमा भ्रातृत्वको स्तनपान गर्ने नेपालीहरूको हृदयस्पन्दनरूपी देशमा कालो बादल मडारिइरहेको छ । अविकास, राजनैतिक अस्थिरता, बेरोजगारी र प्रदुषणले यहाँ हैकम चलाउन सफल भएको छ । एकता, भाइचारा र शान्तिलाई घाँटी निचोरेर मार्न अन्याय र अत्याचार लागिपरेको छ । तर मुटुसमान माटोलाई अव्यवस्था र अस्थिरताको पञ्जाबाट उम्काउन हामी नेपालीहरू एक भएर लाग्ने दिन आइसकेको छ । देशमा व्याप्त कुशासन, कुप्रवृति र कुरीतिलाई कोलमा उखु पेलेझैँ पेलेर आँधीबेरी पछिको सुनौलो आगतलाई आमन्त्रण गर्नुपर्ने आवश्यकता देखापरेको छ । एक-एकमा विभाजित औँलारूपी नेपालीहरू एक मुठीमा कसिएर देशलाई परिवर्तनको सगरमाथामा पुऱ्याई विगुल फुक्नुपर्छ ।

अतएव प्रकृतिको रङ्गशाला नेपाल विश्व भूगोलमा सिन्धुमा हराएको बिन्दुझैँ देखिए तापनि यसको वैशिष्ट्य र अद्भुतताका कारण यो आफैमा स्वर्गको प्रतिबिम्ब हो। मेचीदेखि पश्चिममा महाकालीसम्मको

सानो भौगोलिक क्षेत्रभित्र अनन्त सुन्दरताको महासागर लुप्त छ । उत्तरी र दक्षिणी ध्रुवको चिस्यान, भूमध्य रेखाको ताप र मध्यम मौसमको चटनी नेपाल हो। अनेकताबीच पनि एकता पाउनु यहाँको विशिष्टता हो। त्यसैले यस सानो सुन्दर स्वर्गलाई आफ्नो कला, सीप र श्रमले सिँगारेर विश्वमा नमुना बनाउनु हामी नेपालीको प्रथम कर्तव्य हो । देशको शकुनी र दुर्योधनजस्ता दुष्ट लहराहरूलाई छेउ लगाएर सभ्यता र शान्तिको बीजारोपण गर्नुपर्छ ।

अन्तत: प्राकृतिक विविधताको सङ्ग्रहालय, सांस्कृतिक विशिष्टताको गुच्छा मानिने नेपालमा समानता, विकास र एकताको मखमली फूलझैँ कहिल्यै नओइलाउने माला उन्नुपर्छ। देशका पुरातात्त्विक र महत्त्वपूर्ण वस्तुहरूको जगेर्ना गर्दै काँधमा काँध हाली विकासको किल्ला गाड्नुपर्छ। सबै नेपाली एक भएर वीरवीराङ्गनाको गाथा र अमर शहीदको सपना पूरा गर्न अघि सर्न जरुरी छ। यसरी सीमित भौगोलिक क्षेत्रमा असीम विविधता पाइने नेपाल सानो संसार हो, स्वर्ग हो र यसको उत्तरोत्तर सर्वाङ्गीण विकास गरी शान्ति, सम्मृद्धि र ऐश्वर्यको वैदिक मन्त्र हामी सारा नेपालीले जप्नुपर्छ ।

## हाम्रो नेपाल यो सानो संसारै हो

*– दीपा जोशी*

हाम्रो देश नेपाल हिमालको काखमा अवस्थित प्राकृतिक सुन्दरताले भरिपूर्ण सानो तर आफैँमा सम्पूर्ण मुलुक हो। क्षेत्रफलका रूपले सानो भए पनि विविध प्राकृतिक, भौगोलिक, सांस्कृतिक विविधताले गर्दा यो आफैँमा विश्व हुनपुगेको छ ।

तराईका मैदानी फाँटदेखि हिमालका अग्ला-अग्ला चुचुरासम्म भौगोलिक विस्तार गरेको नेपालमा के मात्रै पाइँदैन ? उष्ण मरुभूमिको जस्तो गर्मी छैन कि यहाँ ? हिमालको जाडो छैन कि ? रूख-बिरुवा केही नदेखिने उजाडता छैन ? नेपालका तराईमा मलिलो माटो छ, जहाँ सबै कुरा उमार्न सकिन्छ। त्यसैगरी यहाँ प्रचण्ड गर्मी हुन्छ भने जतिजति माथि बढ्दै गयो त्यसरी नै गर्मीको मात्रा घट्दै जान्छ र मनै लोभिने शीतल वातावरण आउँछ । अझै त्योभन्दा पनि माथि गयो भने सहनै नसकिने जाडो हुन्छ, जहाँ बाह्रैमास हिउँ जमेको

हुन्छ । बस्नका लागि पहाडको हावापानी उपयुक्त मानिन्छ, जहाँ धेरै गर्मी पनि हुँदैन र धेरै जाडो पनि हुँदैन ।

हिमाल, पहाड र तराई गरी विभाजित भएको नेपालको भूगोल जैविक विविधताको पनि भण्डार हो । तराई, पहाड र हिमालमा जङ्गल पनि भिन्नाभिन्नै किसिमका हुन्छन् । त्यसैले त्यहाँका जनावर, पशु, पक्षीहरू पनि छुट्टाछुट्टै किसिमका छन् । यसले गर्दा संसारभरि नै पाइने जीव-जन्तु र वनस्पतिहरू नेपालमा पाइन्छन्। यी जङ्गलहरू विभिन्न बहुमूल्य काठ र वनस्पतिको पनि भण्डार मानिन्छन्। अझै हिमाली क्षेत्रमा पाइने वनस्पतिहरू त बहुमूल्य मात्रै नभएर दुर्लभसमेत मानिन्छन्। अझै संसारकै शिर मानिएको सगरमाथा नेपालमा हुनुले पनि नेपालीहरूको गौरव बढाएको छ ।

नेपाल सानो मुलुक भईकन पनि जलस्रोतको धनी मुलुकका रूपमा चिनिन्छ । जलस्रोतमा नेपाल ब्राजिलपछि दोस्रो ठूलो धनी देशका रूपमा मानिन्छ भने एसियाको सबैभन्दा धनी राष्ट्रका रूपमा पनि चिनिन्छ । यहाँ बाह्रै महिना निरन्तर बगिरहने नदीहरू पनि छन्। त्यसैगरी थुप्रै ताल तथा हिमतालहरू पनि यहाँ रहेका छन्। यस्ता ताल तथा नदीहरूले यहाँ रहेको प्राकृतिक सुन्दरता मात्रै बढाएका छैनन् कि यहाँको पानी थुप्रै घरायसी तथा औद्योगिक क्षेत्रमा काम लागेको छ। अझै राम्रोसँग प्रयोगमा ल्याउन सक्यौँ भने पानीले गर्दा नेपालको विकासमा टेवा पुग्ने पनि देखिन्छ। जलस्रोतमा यति धनी हुँदाहुँदै पनि खानेपानीकै लागि मात्र थुप्रै सङ्घर्ष गर्नुपर्ने ठाउँहरू पनि थुप्रै छन् जहाँ एक गाग्री पानीका लागि एक दिन खर्च गर्नुपर्ने हुन्छ। यो पनि विविधता नै मानौँ या विधाताको खेल ।

त्यसैगरी सांस्कृतिक रूपमा पनि नेपाल विविध नै हो। विभिन्न जातजातिका फूलबारीका रूपमा आफूलाई परिचित गराउन यो सफल भएको छ । आ-आफ्नै छुट्टै भाषा, संस्कृति, रीति-रिवाज, भेषभुषा र आफ्नै किसिमको सामाजिक वर्गीकरण भएका समुदायहरू थुप्रै भेटिन्छन् । जस्तै : राई, लिम्बू, नेवार, थारू, दनुवार, राजवंशी, धिमाल, आदि । आफ्नै छुट्टै सांस्कृतिक पहिचान बोकेका यी र यस्तै समुदायले नेपाललाई एक सानो विश्व नै बनाएका छन् । कतै मातृसत्तात्मक कतै पितृसत्तात्मक परिवार छन्। कतै रक्सी छुनु पाप

हो भने कतै जाँडरक्सी नभई कुनै शुभ कार्य नै हुँदैन । कतै दुलही पक्षले दाइजो दिन्छन् भने कतै दुलहा पक्षले पैसा दिन्छन् । यस्तो अनेकतामा एकता अरू समाजमा कहाँ ? यस्तो अनेकतामा पनि नेपालीहरू मिलेर बसेका छन् ।

नेपाली साहित्यलाई पनि सानो विश्व नै भन्दा केही फरक नपर्ला । संस्कृतका विद्वान्देखि अहिले तेस्रो आयामेली साहित्यकारहरू पनि यहीँ उर्वर भूमिमै छन् । महाकवि देवकोटाका रचनाहरू पढ्दा विश्व साहित्यका ठूला-ठूला हस्तीहरू पनि ओझेलमा पर्ने पीर हुन्छ । यसैगरी विभिन्न धर्ममा आस्था राख्ने व्यक्तिहरू पनि यहाँ छन् ।

अनेकतामा एकता भएको हाम्रो मुलुक विश्वमै अनुपम छ र यसलाई सानो संसार भन्दा पनि अत्युक्ति नहोला ।

## नेपालको संविधानसभा

*– झलक पौडेल*

संविधानसभा भनेको जनताद्वारा प्रत्यक्ष मतदानमार्फत चुनिएका जनप्रतिनिधिद्वारा जनताका निम्ति संविधान निमार्ण गर्ने र सो संविधानको घोषणा गर्ने सभा हो । विशेष अर्थमा संविधानसभालाई प्रक्रिया प्रधान विषय पनि भनिन्छ । यो संविधान मस्यौदा तथा संविधान सुझाव समिति जस्तो सल्लाहाकार समिति होइन। संविधानसभामा जनताले आफ्ना लागि आफै संविधानको निर्माण गर्ने काम गर्छन् । संविधानसभाले संविधान निर्माणका क्रममा राज्यका सम्पूर्ण अधिकारहरू प्रयोग गर्दछ । योभन्दा अरू ठूलो निकाय राज्यमा हुँदैन र यसको निर्णय काट्न पाइँदैन ।

नेपालमा संविधानसभाको चुनाव चैत्र २८ गते भएको थियो । संविधानसभाको क्रममा सम्पूर्ण राज्यलाई कार्यशाला मानी तीन चरणमा जनताद्वारा सहभागिता खोजिन्छ ।

(क) पहिलो चरण भनेको संविधानसभा गठनपूर्वको समय हो । यो समयलाई सङ्क्रमणकाल पनि भनिन्छ । सङ्क्रमणकालको समयमा देशको स्थिति तरल हुन्छ र विभिन्न अवसरवादी शोच भएका व्यक्तिहरूले यस

समयमा फाइदा उठाउन सक्छन्, त्यसैले यस समयमा जनताले सङ्क्रमणकालको व्यवस्थापनका लागि विभिन्न उपायहरू अवलम्बन गर्दछन् ।

(ख) दोस्रो चरण भनेको संविधानसभाको गठनको हो । यस समयमा विभिन्न समुदाय जातजाति, भाषाभाषीको प्रतिनिधित्व हुने गरी संविधान सभाको गठन गरिन्छ ।

(ग) तेस्रो चरण भनेको संविधानको अनुमोदनको चरण हो । विशेषत जनमत सङ्ग्रह, संविधानसभा स्वयं, संसद् वा कार्यपालिकाबाट संविधानको अनुमोदन गरिन्छ । फ्रान्स, आयरल्यान्ड जस्ता देशमा जनमतसङ्ग्रहद्वारा संविधानको अनुमोदन गरिएको थियो । नेपालमा संविधानसभा स्वयंले संविधानको अनुमोदन गर्ने भनिएको छ ।

संविधानसभाका आ-आफ्ना ढाँचा हुन्छन् । कुनै देशमा एक सदनात्मक (भारत) त कुनै देशमा दुई सदनात्मक (दक्षिण अफ्रिका) संविधानसभाको गठन भएको हुन्छ । त्यस्तै कुनै देशमा अप्रत्यक्ष (भारत) त कुनै देशमा प्रत्यक्ष (दक्षिण अफ्रिका) निर्वाचनद्वारा जनप्रतिनिधि निर्वाचित भएका हुन्छन् । संविधानसभाको पद्धति यो नै हुनपर्छ भन्ने छैन । यो देशको स्थितिमा निर्भर गर्छ । नेपालमा मिश्रित प्रणालीद्वारा निर्वाचन भएको थियो ।

सन् १७८९ मा फ्रान्सले संविधानसभामार्फत आफ्नो संविधान आफै निर्माण गरेको थियो । "म नै राष्ट्र हुँ अनि राष्ट्र नै म हो भन्ने अहम् भावना भएका फ्रान्सका लुइस १४ पछि राज्यक्रान्ति भएर सर्वप्रथम संविधानसभामार्फत संविधान निर्माण भएको हो । त्यस्तै १९४६ मा भारत र चीनमा पनि संविधानसभा भएको थियो । भारतमा चार वर्षपछि संविधानसभा विघटन भएको थियो । भने नेपालमा दुई वर्षपछि संविधानसभाको विघटन गर्ने कुरा भइरहेको छ । करिब ४० मुलुकमा संविधानसभामार्फत संविधान निर्माण भएको छ । नर्वे, इटाली, जर्मनी, दक्षिण अफ्रिका जस्ता देशहरूमा संविधानसभा सफल भएको मानिन्छ भने अधिकांश देशमा संविधानसभा असफल

भएको छ । यो असफल हुनुको मुख्य कारणमा सङ्क्रमणकालको उचित व्यवस्थापन नहुनु, संविधानसभा समावेशी नहुनु जस्ता छन् । नेपालमा संविधानसभालाई असफल हुन नदिन असफल मुलुकहरूबाट शिक्षा लिनुपर्छ र यसको सफलताको लागि प्रयासरत रहनुपर्छ ।

संविधानसभा विशेष गरेर सङ्क्रमणकालको उचित व्यवस्थापन नहुनुका कारणले असफल हुन्छ। नेपालको सङ्क्रमणकालले व्यवस्थापनका निमित्त प्रयोग गरिएका प्रक्रियाहरू ठिकै मानिएका थिए । तथापि प्रक्रियाभित्रका कतिपय अन्तरवस्तुले राम्रो संविधान सभा निर्माणका लागि प्रतिकूल देखिन्छ। जस्तै– अन्तरिम संविधान गन्तव्यहीन हुनु। त्यस्तै संविधानसभाको निर्वाचनका निमित्त अवलम्बन गरिएको मिश्रित प्रणाली पनि वैज्ञानिक मानिएको छैन । संविधानसभामा जनताको सहभागिताद्वारा संविधान निर्माण गरिन्छ भने पनि नेपालको परिप्रेक्ष्यमा सात राजनीतिक दलले स्वविवेक प्रयोग गरेर जनताको अधिक सहभागिता खोजिएको देखिँदैन ।

नेपालको सन्दर्भमा २०४७ को संविधानमा हाल खोजिएको अग्रगामी सुधार तथा देशको पुनसंरचना गर्न असम्भव थिएन । संविधानको सबभन्दा शक्तिशाली प्रावधान भनेको संविधानको संशोधन हो तर नेपालमा बाह्र वर्षसम्म पनि यसको संशोधन गरिएन र आफ्नो सबै कमजोरीको दोष संविधानमा लगाइयो। असोज १८ र माघ १९ गतेको राजाको कदमपछाडि राजनीतिक दलहरू राजनीतिबाट फ्याँकिए। आफूले बनाएको संविधान, आफैले भत्काउन पाइँदो रहेछ भन्ने असंवैधानिक निरङ्कुश शोच राजामा पलायो । माओवादी संविधानसभाको चुनाव गर्ने सहमतिमा दलहरूसँग मिलेर राष्ट्रिय राजनीतिमा आयो। सात राजनीतिक दलको माओवादीसँग बाह्र बुँदे सहमति भयो। बाह्र बुँदे समझदारी नै नेपालको राजनीतिमा कोसे ढुङ्गा साबित भयो। त्यसपछि अरू दलहरू मिलेर १९ दिने आन्दोलन गरे, जुन आन्दोलनका कारणले राजा ज्ञानेन्द्र घुँडा टेक्न बाध्य भए र “जनताको अधिकार जनतामै फर्काएको” घोषणा गरे । त्यसपछि आठ दलहरू विभिन्न सहमति गर्दै, हातमा-हात मिलाएर नयाँ नेपाल बनाउने शोचसहित अगाडि बढे । १९ दिने आन्दोलनमा शहीद भएकाहरूको सपना पूरा गर्न र जन्जिरमा बेरिएको नेपाल आमालाई

स्वतन्त्रताको घुम्टो ओढाउन सम्पूर्ण जनताले आठ दललाई खबरदारी गरिरहे । अनमिनको निगरानीमा माओवादी जनसेनाका सम्पूर्ण हातहतियारहरू थन्क्याउने काम भयो । त्यसपछि सम्पूर्ण राजनीतिक दलले मङ्सिर र जेठ गरी दुईचोटि पनि सऱ्यो । नेपालीहरूको आफ्नो संविधान आफै बनाउने तीव्र इच्छा तथा नेताहरूको आकाङ्क्षाका कारण चैत्र २८ गते नेपालमा संविधानसभाको चुनाव भयो ।

चैत्र २८ गते कुल ६०१ उमेदवारका निमित्त संविधानसभाको चुनाव भयो । विभिन्न देशबाट आएका पर्यवेक्षक तथा अमेरिकाका पूर्व राष्ट्रपति जिमी कार्टरको पर्यवेक्षणमा शान्तिपूर्ण तवरले निर्वाचन भयो । तथापि चार जिल्लाका ३२ मतदान केन्द्रमा विभिन्न कारणले स्थगित भयो र अहिले यी केन्द्र मतदान हुने क्रममा छन् ।

आजसम्मको नतिजालाई हेर्दा माओवादी बहुमतको सङ्घारमा छ (२०६५ साल वैशाख ७ गते यो निबन्ध लेखिएको मिति) । अरू ठूला पाटी तथा नेता भनिएकाहरूले नराम्रोसँग हार बेहोर्नुपरेको छ । युवा उमेदवारको कमी तथा यतिका वर्षसम्म पनि नेपाललाई नयाँ मोड दिन नसकेकाले ठूला पाटीको हार भएको राजनीति वृत्तमा सुनिएको छ । अब माओवादीको नेतृत्वमा सरकार बन्ने करिब निश्चित भएको छ । यसले सरकार गठन गर्नुभन्दा पनि संविधान निर्माणमा विशेष जोड दिएर अगाडि बढ्नुपर्छ ।

अत: संविधानसभा कुनै जादुको पिटारो होइन, जसको कारणले नेपाली जनताले सदियौँ वर्षदेखि भोग्दै आएको अशिक्षा, अज्ञानता, पछौटेपन र भ्रष्टचारबाट मुक्ति पाउन । यो त एउटा प्रक्रिया मात्र हो । संविधानसभामार्फत राजनीतिक युद्ध समाप्त हुन्छ भन्ने अपेक्षा गर्न सकिन्छ तर भरोसा गर्न सकिँदैन, जनताद्वारा निर्वाचित प्रतिनिधिहरू उत्कृष्ट नै छन् भन्ने पनि छैन र यिनीहरूले जतनाप्रति कुठाराघात गर्दैनन् भन्ने पनि छैन । संविधानसभापछि सबै नराम्रा कुरा फुमन्तर हुने होइनन्, न त संविधानको जादुको छडीले नै अशिक्षा, अज्ञानताबाट मुक्ति दिलाउने हो । यो त एउटा प्रक्रिया हो– राजनीतिक स्थिरता र विकासको । अनि यो एउटा ढोका मात्रै हो, विकासको । त्यसैले जनता म, मेरो राष्ट्र अनि मेरो सन्ततीका निमित्त संविधान बनाउँदै छु भनेर जुन उत्साहपूर्वक मतदानमा सरिक भए त्यसरी नै नेपाली जनताको

भविष्य निर्माणका लागि बनाइन लागेको संविधानमा जनप्रतिनिधिले जनताप्रति कुठाराघात गरी जनताको प्रतिकूलको संविधान बनाउनु हुँदैन र राष्ट्रिय अखण्डतालाई अक्षुण्य राख्ने खालको संविधान बनाउनुपर्छ ।

## नेपालको संविधानसभा

– *नारायण अधिकारी*

विश्वराजनीतिलाई एकपटक नियाल्दा विश्वका अधिकांश मुलुकहरू प्रजातान्त्रिक पद्धतिबाट चल्छन् । तर हिमालयको काखमा अवस्थित देश नेपाल भने दुईपटक (२००७ र २०४८) का ठूला जनआन्दोलनपछि पनि अर्धप्रजातान्त्रिक मुलुककै रूपमा रह्यो । फलस्वरूप नेपाली जनताले आफ्नो पूर्ण प्रजातान्त्रिक हक र देशको पूर्ण प्रजातान्त्रिक शासन-पद्धतिको लागि २०६२ चैत र २०६३ वैशाखमा ठूलो जनआन्दोलन गरे, जुन विश्वसामु उदाहरणीय ठहरियो । यसै आन्दोलनको मुख्य नारा थियो– "देशमा संविधानसभाको चुनावबाट पूर्ण प्रजातन्त्रको स्थापना र निरङ्कुश राजतन्त्रको अन्त्य।" यसरी नेपालमा संविधानसभाको आवश्यकता महसुस भयो र संविधानसभाको चुनाव गरियो, जसबाट चुनिएका प्रतिनिधिले देशको मूल कानुन संविधान लेख्ने र जनतालाई पूण प्रजातान्त्रिक पद्धतिको महसुस गराउने प्रण लिएका छन् ।

सर्वप्रथम संविधानसभा के हो बुझौँ । 'संविधानसभा' दुई मूल शब्दहरू 'संविधान' र 'सभा' बाट बनेको मिश्रित शब्द हो। संविधान भनेको देशको मूल कानुन हो र सभा भनेको कुनै कार्य विशेषका लागि सङ्गठित भएका मानिसहरूको समूह हो । त्यसैले शाब्दिक अर्थमा संविधानसभालाई संविधान बनाउन जम्मा भएका वा छानिएका विशिष्ट व्यक्तिहरूको भेला वा समूह भन्ने बुझिन्छ। राजनीतिक रूपले परिभाषित गर्दा पनि संविधानसभालाई देशको संविधान बनाउन चुनिएका प्रतिनिधिको सभा भन्ने बुझिन्छ । जनताको प्रत्यक्ष मतबाट चुनिएका प्रतिनिधिहरूले जनतालाई सुहाउने कानुन वा संविधान निर्माण गर्ने हुनाले यो प्रजातान्त्रिक मुलुक वा पद्धतिको अभिन्न अङ्ग हो । संविधानसभालाई 'प्रजातान्त्रिक पद्धतिको श्रीगणेश' हो भन्दा अत्युक्ति नहोला । यसबाट बनेको संविधानले देशलाई हजारौँ वर्षसम्म शासन

गर्छ र प्रजातान्त्रिक पद्धतिको प्रत्याभूति दिलाउँछ । साथै यसले जनताको मौलिक हकको पनि संरक्षण गर्छ ।

हरेक नवप्रजातान्त्रिक मुलुकको पहिलो प्रजातान्त्रिक पद्धति संविधानसभा हो। यो नेपालमा मात्र भएको होइन। प्रजातन्त्र स्थापनापछि अमेरिका, भारत आदि देशहरूले संविधानसभाबाट देशको आर्थिक, सामाजिक, भौगोलिक स्थिति सुहाउँदो संविधान लेखिसकेका छन्। नेपालमा विद्यमान प्रजातन्त्र अर्ध प्रजातन्त्रको मूल कारण संविधानसभाको चुनावको कमी थियो, जसकारण नेपाली जनताहरू ६ दशक लामो सङ्घर्षबाट पूर्ण प्रजातन्त्र स्थापना गर्न लागिरहेका छन् । नेपालभन्दा ४ वर्षअघि अर्थात् सन् १९४७ मा भारतमा प्रजातन्त्रको स्थापना भयो र यसको ४ वर्षपछि सन् १९५१ मा नेपालमा प्रजातन्त्रको स्थापना भयो। भारतले आज धेरै प्रगति गरिसक्यो, जसको मूल कारण पूर्ण प्रजातन्त्र थियो। तर नेपाल ६० वर्षसम्म पूर्ण प्रजातान्त्रिक पद्धतिका लागि सङ्घर्ष गरिरह्यो। आज भारतको आर्थिक वृद्धिदर १०% छ तर नेपालको भने घट्दो वृद्धिदर छ । त्यसैले पूर्ण प्रजातन्त्रले मात्र देश विकासको ग्यारेन्टी दिन्छ र पूर्ण प्रजातन्त्रको पहिलो कसी हो संविधानसभा ।

१९ दिन लामो जनआन्दोलन जसलाई आज अप्रिल क्रान्ति वा लालीगुराँस क्रान्ति भनेर चिनिन्छ, यसले नेपाललाई पूर्ण प्रजातन्त्र दिलाउन संविधानसभाको चुनावसम्म ल्याइदियो । लाखौँ मानिसको सहभागिता रहेको उक्त जनआन्दोलन विश्वमै उदाहरणीय रह्यो। तर संविधानसभाको नारा जनआन्दोलनले पहिलोपटक ल्याएको भने हैन। वि.सं. २०५२ मा देशमा पूर्ण प्रजातान्त्र स्थापना गर्न विद्रोहको लागि जङ्गल पसेका नेकपा माओवादी पाटीको मुख्य एजेन्डा संविधानसभाको चुनाव थियो। देश १० वर्षसम्म हिंसाको चपेटामा रह्यो । नेपालका राजा ज्ञानेन्द्रले २०४८ सालको संविधानको धारा १२७ (बाधा अड्चन फुकाउ) को सहायताले संसद्को ‘निलम्बन गरी निरङ्कुश राज्यव्यवस्था लाद्न खोजे, जुन जनतालाई स्वीकार्य थिएन । त्यसैले १९ नेपालीको बलिदान सहितको अप्रिल क्रान्तिले देशलाई संविधानसभाको सँघारमा ल्याइपुर्‍यायो ।

यस प्रक्रियामा नेकपा माओवादीका साथसाथै देशका ठूला पाटीहरू नेकपा एमाले र नेपाली काङ्ग्रेसको अग्रणी भूमिका रहेको

छ। जनआन्दोलनपछि माओवादी र देशका प्रमुख ७ दल मिलेर १२ बुँदे समझदारी गरे र संयुक्त सरकार बनाए। यस गठबन्धन सरकारले दुईपटक सारेर २०६४ चैत्र २८ गते सफलतापूर्वक संविधानसभाको चुनाव गऱ्यो। यस चुनावमा प्रत्यक्षतर्फ २४०, समानुपातिकतर्फ ३३५ र मन्त्रीमण्डलले चयन गर्ने २६ सहित ६०१ जनाको संविधानसभा हुने व्यवस्था गरियो।

देश प्रजातन्त्रको लागि मात्र लडिरहेको थिएन, देशमा विभिन्न वर्गहरू आफ्नो समान हक र अधिकारका लागि लडिरहेका थिए। त्यसैले माओवादी मूलधारमा आएर मात्र देशमा शान्ति कायम हुन सकेन। मधेसी, जनजाति, आदिवासी, महिला आदि आफ्नो समान हकको लागि लडिरहे। त्यसैले सबैको हक निश्चित गर्ने संविधानसभा अपरिहार्य थियो। यसबाट मात्र नेपालमा निरङ्कुश राजतन्त्रको अन्त्य पूर्ण प्रजातन्त्रको सुरुवात, सबै जाति, वर्ग, समूह, लिङ्गका मानिसको मौलिक हक र समानता देशविकासको लागि देशको संरचना र यसको विभाजन आदि गरेर देशमा दिगो शान्तिको स्थापना सम्भव थियो। फलस्वरूप संविधानसभाको चुनाव सफल भयो। यसमा विद्रोही पाटी नेकपा माओवादी बहुमतले विजयी भयो र देशको मूल कानुन लेख्ने जिन्मेवारी प्रमुखत: उसकै काँधमा परेको छ। ६०१ सदस्यीय संविधानसभाको पहिलो बैठक सम्भवत: जेठको सुरुमा बस्ने भएको छ। यसको पहिलो बैठकबाट देशमा राजतन्त्रको अन्त्य र गणतन्त्रको कार्यान्वयन गरिनेछ। साथै देशलाई विभिन्न प्रदेशमा विभाजन गरी सङ्घीय राज्यप्रणालीको स्थापना गरिनेछ।

संविधानसभा नेपाललाई ठूलो चुनौती थियो तर आज नेपालीले त्यो चुनौतीमाथि विजय हासिल गरेका छन्। तर अब अरु ठूलो चुनौतीको रूपमा रहेको छ, संविधान लेखनको कार्य। अबको संविधानसभाले यस्तो सविधान लेख्नुपर्छ, जसबाट नेपालमा दिगो शान्तिको स्थापना सबै वर्ग, जाति, समूहको समान हक र प्रतिनिधित्व र देशको भौतिक, आर्थिक, सामाजिक र सांस्कृतिक विकास हुन सकोस्। संविधानसभाले नै अब देशको भविष्य निर्माण गर्नेछ। देश एकपटक पुन: विकास र शान्तिको सँघारमा आइपुगेको छ। यो क्षणको पूर्ण सदुपयोग गर्दै देशलाई स्थिरता, दिगो विकासमा लैजानु

सबै नेपालीको र राजनीतिक दलहरूको कर्तव्य हो। त्यसैले संविधानसभाबाट देशको यस्तो संविधान बनाउनुपर्छ, जसबाट सबै जाति, लिङ्ग, धर्म, समुदाय, वर्गका मानिसले पूर्ण स्वतन्त्रता र मौलिक हकको अनुभूति गरून् । यो संविधानसभापछि हजारौँ वर्षसम्म कुनै पनि वर्गका मानिसले आन्दोलन र विरोध गर्नु नपरोस्। अब देशमा कहिल्यै पनि शान्ति खलबलिने काम नहोस्। सबै नेपालीहरू छाती फुलाएर देशमा बस्न सकून् र तन, मन, धन सबै लगाएर देश विकासमा सहभागी हुन्। विकास अरूले गरिदिने चीज होइन, आफ्नो देशको विकास आफैँ गर्नुपर्छ ।

नेपालीहरूमा 'नेपाल सतीले सरापेको देश हो' भन्ने भ्रम छ। यो भ्रमले उनीहरू जे गरे पनि देशमा विकास र शान्ति आउँदैन भन्ठान्छन् । यो ठूलो भ्रम हटाउनुपर्छ । हामीले चाहे जे पनि गर्न सक्छौँ । यो सोचेर नेपालीहरू देश विकासमा लाग्नुपर्छ । अबको संविानसभामा एक-एक नेपालीले आफ्नो सक्रिय भूमिका देखाउनुपर्छ । सार्वजनिक सुनुवाइ, पत्रपत्रिका, आफूले छानेका संविधानसभा सदस्यसँगको प्रत्यक्ष कुराकानी आदिबाट आफ्नो विचार संविधानसभासम्म पुऱ्याउनुपर्छ। देशमा भ्रष्टाचारको अन्त्य, दिगो शान्ति र विकासको लागि नेताहरूलाई झकझक्याइरहनुपर्छ। अनि मात्र संविधानसभा सफल हुनेछ। नत्र हाम्रो कुनै भविष्य छैन । देश अझै सङ्कट र अस्थिरतामा पुग्नेछ । निरङ्कुश शक्तिहरू र विस्तारवादी विदेशीहरूले चलखेल गर्न पाउनेछन्। जसको कारण हाम्रो राष्ट्रियता नै खतरामा पर्न सक्छ । त्यसैले सफल संविधानसभाका लागि पूर्ण जनसहभागिता नै आजको मुख्य आवश्यकता हो ।

## कुकुरको पुच्छर र वानरको पुच्छर

*– शिशिर भट्टराई*

पुच्छर कुनै पनि जनावरको शोभा हो, शृङ्गार हो । तर मानिस पनि त एउटा जनवार होइन र ? सायद मानिसको विवेक नै उसको पुच्छर होला, नत्र सबै जनावरको पछाडि झुन्डिने पुच्छरलाई मानिससँग केको दुस्मनी हुन्थ्यो र ! आफ्नो नभएको भएर होला, मानिस अरू प्राणीहरूको पुच्छरमा धेरै उत्सुक देखिन्छ।

विवेकले सुशोभित मानिस पुच्छरमा पनि आफ्नो विवेक र अक्कलको प्रयोग गर्दछ र भन्छ– “कुकुरको पुच्छर बाह्र वर्ष ढुङ्ग्रोमा राखे पनि बाङ्गाको बाङ्गै” अनि “वानरको पुच्छर लौरो न हतियार ।”

कुकुरको पुच्छरलाई बाह्र वर्षसम्म कुनचाहिँ महापुरुषले पो राख्यो होला र तैपनि यसबाट मानिसको योग्यता र दक्षताको अड्कल लगाउन सकिन्छ । सायद आफ्नो जीवनभर कुकुरको पुच्छर सोझो देख्न नापाएका ती हाम्रा पुर्खाले रिस पोख्न पो यसो भने कि ? यसै भन्न सकिन्न । जङ्गलमा बस्ने वानरको विशेषता केलाउन सक्ने हाम्रा बाजेहरू कम ज्ञानी थिएनन् होला ।

यसको इतिहास जेजस्तो भए पनि आजसम्म यो गलत हुन सकेको छैन । झन् हाम्रो देशमा त म जहाँतहीँ कुकुरको पुच्छर र वानरको पुच्छर देख्दछु ।

हाम्रो देशको उच्च ओहदामा बसेका मानिस, प्रशासक र राजनीतिज्ञहरू कुकुरको पुच्छर हुन् भन्दा त्यति विवाद हुँदैन होला । चाहे ती पहिलेका कुण्ठित र शोषण मनस्थितिले ग्रस्त राजा, शासक हुन् वा आजका राजनेता हुन्, सबै कहिल्यै पनि बदलिन जानेनन्, सधैँ कुकुरको पुच्छरझैँ बाङ्गिइरहे । पहिले थिचोमिचो गरेर जनतालाई दुःख दिए भने झन् अहिले त जनतालाई अन्यौलको कैदमा नजरबन्द गरेर भ्रष्टाचारका माध्यमबाट लुटिरहेका छन् । हुन त नेपाली जनता पनि कहाँ कम हुन् र ! उनीहरू त झन् वानरका पुच्छरजस्तै हुन्, जसले न त एउटा फल टिप्न सक्छ न त माखो नै भगाउन सक्छ । जति शोषण गरे पनि जति छलकपट गरे पनि मज्जाले सहन सक्ने यी वानरका पुच्छरहरू साँच्चै अद्भुत छन् ।

तर अहिले त एक्काइसौँ शताब्दी हो नि । विज्ञानले निकै उकालो लम्किसकेको छ । सायद विज्ञानकै सहयोग लिएर हामीले कुकुरको पुच्छरलाई सोझो र वानरको पुच्छरलाई उपयोगी बनाउन पर्छ होला । विगतमा जे-जस्तो गल्ती र कुकर्म गरेका भए पनि आजका राजनीतिज्ञहरूले संसारको यो बढ्दो विकासको लहरलाई आत्मसात् गर्नका लागि भए पनि अब आफ्नो दुनो मात्र सोझ्याउन छाडेर जनताको रहरलाई सबैभन्दा माथिल्लो स्थान दिनुपर्दछ । देशको विकासबाट मात्रै सम्पूर्ण जनताको विकास र आफ्नो पनि

उन्नति हुनसक्छ भन्ने कुरालाई हृदयङ्गम गर्नुपर्दछ। त्यस्तै जनताहरू पनि रुझेको बिरालो जस्तो नभई गर्जन सक्ने सिंह बन्नुपर्दछ। आफूविरुद्ध भएगरेका सबै थिचोमिचो र शोषणको खुलेर विरोध गर्न सक्नुपर्दछ। जनता नै देशको सबैभन्दा ठूलो स्रोत भएकाले सबै जनताहरू अब वानरको पुच्छर जस्तो लौरो न हतियार भएर बस्नुहुँदैन, आफूले आफ्नो क्षेत्रबाट जति सकिन्छ देशनिर्माणमा अग्रसर रहनुपर्दछ। अनिमात्र भोलिका दिनहरू हाम्रा लागि सहज र हर्षका दिन हुनेछन्।

तसर्थ देशका सम्पूर्ण पक्षहरूको सक्रियता र युगान्तकारी शोचबाट नै देशको उच्च प्रगति र उन्नति हुन सक्दछ, होइन कुकुरको पुच्छर र वानरको पुच्छर मात्र भइरहने हो भने त न त देश अघि बढ्छ, न त जनता नै।

## विज्ञानको दौड

*– मनीष प्रजापति*

समय परिवर्तनशील छ। हामीलाई यो कुरा थाहा छैन कि विज्ञानको उत्पत्ति कहिले भयो, तर हामी यो सजिलै अनुमान लगाउन सक्छौँ कि जब यो ब्रह्माण्डमा जीवन भन्ने चीजको उत्पति भयो, त्यो समयभन्दा निकै अगाडिदेखि नै विज्ञानको अस्तित्व हुनुपर्छ। विज्ञान प्रकृतिको उत्पत्तिसँगै नै उत्पत्ति भएको हो। त्यसैले विज्ञानको दौड ढुङ्गे युगदेखि अहिलेको डिजिटल कम्प्युटरको युगसम्म पनि निरन्तर चलिरहेको छ, चलिरहन्छ र कहिल्यै रोकिँदैन। हामी ढुङ्गे युगमा जानीनजानी सिकार गर्ने तरिकाबाट, आगो बाल्ने प्रयासबाट, खाना पकाउने प्रयासबाट विज्ञानको दौडमा सामिल थियौँ भने अहिले आधुनिक युगको आधुनिक जमानामा कम्प्युटर, रकेट, माइक्रोस्कोप जस्ता अत्याधुनिक उपकरणहरूको सहायतामा विज्ञानको पथमा दौडिरहेका छौँ।

'विज्ञान' यो तीन अक्षरको एक शब्द, आज यस्तो लोकप्रिय भइसकेको छ कि यो शब्द नसुन्ने सायदै कोही होला। चाहे त्यो बालक होस् वा डाडाँमाथिका घाम भइसकेका वृद्ध, उनीहरू सबैलाई थाहा छ कि विज्ञान के हो भनेर। तर हालसम्म पनि यसको पूर्ण

पहिचान र परिभाषा भने कसैले दिन सकेका छैनन् । तर सामान्य भाषामा विज्ञान भन्नाले कुनै पनि सूक्ष्म जीवदेखि लिएर विशाल तारासम्मको अध्ययनलाई बुझ्न सकिन्छ। जे होस्, यति हामीलाई याद हुनुपर्छ कि हामीले दैनिकरूपमा प्रयोग गर्ने हरेक वस्तुमा विज्ञानको प्रयोग भएको हुन्छ ।

आजभोलि यो शब्दले विश्वमा तहल्का मच्चाइरहेको छ । हरेक एक-एक सेकेन्डमा विज्ञानको नयाँनयाँ आविष्कार हुन थालेको छ । हाम्रो दैनिक जीवनलाई अझ सजिलो र सहज पार्न नयाँ-नयाँ सामग्रीहरूको उत्पादन भइरहेको छ। हामीलाई थाहा भएकै कुरा हो, पहिले हामीलाई एक देशबाट अर्को देशमा पुग्न वर्षौंको यात्रा गर्नुपर्थ्यो तर आज हाम्रो आवाजभन्दा पनि छिटो उड्ने सयौँ विमानहरूको निर्माण भइसकेको छ । आज विश्वको खबर बुझ्न विश्व घुमिराख्न आवश्यक छैन। आँखा झिमिक्क गर्नुभन्दा पहिले नै यो खबर हामीसामु इन्टरनेट, टी.भी., रेडियो, पत्रिका आदिका माध्यमबाट आइपुग्छ। आजको जमानामा रमाइलो लिन मानिसहरूलाई फुर्सदै छैन । मनोरञ्जनका सामग्रीहरू पनि दिनानुदिन बढ्दै र बदलिँदै आएका छन् । हाम्रा हरेक भौतिक संरचनाहरू विज्ञानका कारण नै हामीले उपभोग गर्न पाएका छौँ ।

यतिमात्र कहाँ हो र! विज्ञानले भौतिक संरचना र मनोरञ्जनको दुनियाँमा मात्र नयाँपन नल्याई रोग, र औषधीको विकासमा पनि युगान्तकारी परिवर्तन ल्याएको छ । हिजोको जमानामा ज्यान लिने खतरनाक रोग मानिने रोग जस्तै, क्षयरोग, हैजा, क्यान्सर जस्ता रोगहरू औषधीबाट निको हुने रोग भएका छन्। यसैगरी रोग लाग्न नदिनको लागि पनि थुप्रै खोप र रोग लाग्नबाट बच्ने प्रभावकारी प्रक्रियाहरूको विकास भइसकेको छ ।

हामीले बिर्सनु हुन्न कि अहिले हामी पृथ्वीमा बसेर अन्य ग्रह, तारा र अन्य पिण्डहरूको बारेमा अध्ययन, अनुसन्धान गर्नुमा विज्ञानको नै देन छ। आज हामी अन्य ग्रहहरूमा पनि हामी जस्ता जीवहरूको खोज गर्दै छौँ र विज्ञानको सहायताले यो खोज पनि कुनै न कुनै दिन सम्पन्न हुनेछ ।

तर हरेक सिक्काका दुईपाटा भएझैँ हरेक पक्षको कमजोर अथवा उत्तिकै बलियो विपक्ष हुने गर्दछ। विज्ञानको यो दौड आज यति छिटो भइसक्यो कि यसबाट हामीले आज धेरै ठूलो क्षति बेहोर्न परिरहेको छ। विज्ञानको जननी मानिने प्रकृति आज विज्ञानकै कारण बिग्रिने अवस्थामा आइपुगेको छ। आज हामीले विज्ञानको दुनियाँमा चालिने हरेक कदम-कदममा प्रकृतिमाथि खतरा छ। प्रकृति यति ठूलो छ कि विज्ञानबाट उत्पन्न भएका खतराहरू छिटै देखिन र समाधान गर्न गाह्रो छ। र सयौँ वर्षको वैज्ञानिक खोज र कारणहरूले गर्दा आज हाम्रो प्रकृतिको अवस्था नाजुक भइसकेको छ।

हामीलाई थाहा नै छ, आज हामीले प्रयोग गर्ने साबुनदेखि लिएर गाडीहरूद्वारा वातावरण प्रदूषण गर्ने काम भइरहेको छ। हाम्रो दैनिक जीवनमा प्रयोग हुने सामग्रीहरूमा व्याप्त रसायनहरूका कारण दिनानुदिन वातावरण प्रदूषण हुने क्रम जारी छ। त्यत्तिकै पनि सफा पिउने पानीको अभाव भइरहेको बेलामा कलकारखानाबाट निस्किने रसायनका कारण पूरै पानीका मुहानहरू प्रदूषित भएका छन्। सामुद्रिक जीवजन्तुहरू लोप हुने क्रममा छन्। यतिमात्र नभई गाउँघरमा बाहेक स्वच्छ हावा पाउन छाडिइसकेको छ। उद्योग र सवारीसाधनबाट निस्कने धुवाँ र हानिकारक ग्याँसहरूले स्वास-प्रस्वासको रोग त निम्त्याएकै छ। त्यसैगरी "ग्लोबल वार्मिङ" अर्थात् विश्वको तापक्रम बढाउँदै छ, जसले सामुद्रिक तह बढाएको छ। त्यस्तै धेरै रोगको समाधन गर्ने क्रममा कहिल्यै निको नहुने एड्स, सार्स (SARS) जस्ता माहामारीहरू देखापर्न थालिसकेका छन्। यस्तै अन्य ग्रह र पिण्डहरूको अध्ययनका क्रममा पृथ्वीलाई सूर्यका हानिकारक किरणहरूबाट बचाउने ओजन नामक तत्त्वको पनि विनाश हुँदै छ।

त्यसैले विज्ञान विकासको माध्यम हो। यसलाई विनाशको हतियार हुन नदिन हामीले विश्वमा भएका सीमित प्राकृतिक स्रोतहरूको सही सदुपयोग गरी र उत्पादन भएको विषालु रासायनिक पदार्थको सही तरिकाले व्यवस्था गरी यो विज्ञानको दौडमा अगाडि बढिरहनुपर्छ।

*(पृष्ठ २ को बाँकी)*

२०१० साल तिरको नेपालको बजारभाउको, ज्याला मजुरीको र मान्छेका अवस्थितिको राम्रै भेउ पाइन्छ यी रोकडहरू नियाल्दा ।

करिब डेढ वर्षमा निर्माण भैसकेको त्यो स्कूल भवन बन्न ८१ हजार जति मात्र रुपियाँ खर्च भएको देखिन्छ । सिमेन्ट सार्है कम खरिद भएको देखिन्छ भने 'वज्र' बनाउने चुन र बालुवा केही बेसी। चुन १ मुरीको ६ रुपियाँ, बालुवा १ ट्रिपको १२ रुपियाँ लेखेको छ। वज्र बनाउन चाहिने 'सुर्की' अर्थात् इँटको धूलो त्यही परिसरमा कुटाइने हुनाले होला खरिद भएको देखिँदैन। ऐले हेर्दा उदेक लाग्ने कुराचाहिँ के भने सिमेन्ट किन्दा बोरा नै किने पनि त्यसको मोल भने मन र सेरमा राखिँदो रहेछ तिनताकासम्म । जस्तो २०१२ साल वैशाख १४ गते ४ को एउटा प्रविष्टि हेरूँ– "सिमेण्ट बोरा ५ के मं ६ ।४ ॥के दर सेर १ को भीफेदी देखि स्कूल भवनसम्मको -।२८ले मोरु २८ ।५६ ।" सिकर्मी डकर्मीले ज्याला दिनको दुई रुपियाँ या त्योभन्दा पनि कम बुझेका छन् । यो हिसाबकिताप राख्ने एकाउन्टेन्टको तलब मासिक ६० रहेछ र उनी रहेछन्, 'लपु नपसल बस्ने बिन्दुलाल श्रेष्ठ ।' हिसाब जाँच्ने काम ज्यानबहादुर नेवाले गरेका छन् र हरेक ३/४ महिनामा मदन मेमोरियल स्कूलको सञ्चालक समितिका सबै सदस्यले त्यसमा सही गरेको देखिन्छ । त्यसरी सही गर्नेमा (काजी) माणिकलाल राजभण्डारी, केदारमणि आदी, साहू राजबहादुर चिपालु, सुब्बा शम्भुप्रसाद ज्ञवालीलगायत पाटनका धेरै जना साहूजीहरूको र कमल दीक्षितको समेत नाम पढ्न पाइन्छ। कोषाध्यक्ष भनेर गजेन्द्रराज श्रेष्ठ र अन्य काममा पूर्णगोविन्द अमात्यको नाम देखिन्छ ।

आधुनिक डबल भाउचर सिस्टमको लेखाप्रणाली भित्रिनसकेको र पुरानो बहीखाताको रिवाज हटिसकेको त्यस्तो सङ्क्रमणकालमा समेत यस्तो पारदर्शी र सामुदायिक किसिमले हिसाबकिताप राखेको देख्दा अचम्म पर्नुपर्छ ।

त्यसैले माथि भनेजस्तै नेपालको सामाजिक इतिहास लेख्नेहरूलाई त्यसबखतको समुदायको चित्र प्रस्तुत गर्न यो 'रोकड'ले केही सहयोग पुऱ्याउला नै भनेर यसलाई यस पानामा जडिएको हो भन्ने बुझियोस् ।

*– क. दी.*

# सम्पादकीय

## ‘नयाँ नेपाल’

संवत् २०६५ साल नेपालमा साँच्चै ‘नयाँ’ भएर उदायो । करिब अढाइसय वर्षको शाहवंशको शासनको अन्त्य मात्र होइन, राजतन्त्रकै अन्त्य भई गणतन्त्रको आगमन भएको छ नेपालमा । किराँत-काल र त्यसभन्दा पनि अघि नेपाल गणतन्त्रात्मक थियो भन्ने भनाइ रहे पनि विधिवत् र संविधान-प्रदत्त रूपमा गणतन्त्र हामीले यसै २०६५ मा प्रादुर्भाव भएको देख्न पायौँ । ऐले हामी राजतन्त्र र गणतन्त्रका गुणदोषपट्टि नगई हाम्रो देशमा गणतन्त्रको स्वागत गर्दछौँ र प्रथम राष्ट्रपति डा. रामवरण यादवलाई बधाई तथा शुभकामना अर्पण गर्दछौँ ।

नेपालमा गणतन्त्र फलिफाप होस् ! तथास्तु !

## ‘पाटन ढोकैमा’

यस शीर्षकको एउटा ‘सिडी’ विमोचन भयो नेपाली गीतको अस्ति, साउन ११ गते, पाटन ढोकाको यलमाया केन्द्रमा । त्यो आफैँमा कुनै उति ठूलो महत्त्वको घटना होइन, किनभने अचेल रोजिन्दैजस्तो एउटा न एउटा नेपाली गीतका क्यासेट या सिडी निस्की नै रहन्छन् । तर हामीलाई यस कुरामा एउटा साङ्केतिक महत्त्व भएजस्तो लाग्यो । विदेशमा जन्मेका र अङ्ग्रेजी शिक्षा पाएका एक जोडी दिदीभाइले आफैले लेखेर गाएका नेपाली गीतको ‘एल्बम’ बडै फेला पर्दैनन् । त्यसमा थप यी दिदीभाइ, हिमाली र इलम दीक्षित, नेपाली भाषाका एक जना परम सेवक, राममणि आचार्य दीक्षितका

पाँचौँ पुस्ताका सन्तति हुन् । यसले के देखाउँछ भने १०० वर्षअघि राममणिले बालेको नेपाली भाषाप्रेमको दियोको तेल सकिएको रहेनछ, तेल अझै थपिँदो रहेछ । पाटन ढोकाको यो श्रीदरबारटोल, मदन पुरस्कार परिसर नेपाली भाषा-सेवाका क्षेत्रमा अविचल र अविरल रूपमा लागिरहनेछ भन्नलाई पनि यो सानो विमोचन कार्यले सघायो कि भन्ने हाम्रो धारणा छ ।

## यो अङ्क

यो अङ्क जङ्गबहादुर अङ्क हुन खोजेछ ! तर भाग्यले पुष्कर लोहनीजीको एउटा समालोचनात्मक लेख छाप्न पाइयो । ती दुवै लेख आआफ्ना ठाउँमा महत्त्वपूर्ण छन् भन्यो भने सम्पादकले आफ्नो बखान गर्‍यो भन्ने पर्ला । तर जङ्गबहादुरसम्बन्धी लेखमा लेखक 'क.दी.' भन्ने परे पनि वास्तवमा त्यो चित्तरञ्जनजीका पूर्वप्रकाशित लेखकै सेरोफेरोमा घुमेकाले सम्पादकले जस लिन पाउँदैन !

मदन पुरस्कार गुठीले डाक्टरी पढ्न पठाउने विद्यार्थी छनौट गर्दा अपनाउने विधिको पनि छनक अलिकति यस अङ्कले दिनेछ । गुठीको मुखपत्रमा गुठीको काम कति पारदर्शी छ भन्ने देखाउनु पनि अभीष्ट हुन्छ । ती विद्यार्थीहरूको निबन्ध यहाँ छानिनुको उद्देश्य पनि त्यति मात्र हो ।